महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

प्रतापपुर गाउँपालिका

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

प्रतापपुर गाउँपालिका

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र २९

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय (लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १२६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
प्रतापपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
नवलपरासी (पश्चिम) ।

कैफियत सहितको राय

हामीले प्रतापपुर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.४ करोड ८६ लाख ६६ हजार बेरुजू देखिएको छ। छ।सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई सोमध्ये बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१६ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ७१ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु.६६ लाख ९७ हजार र पेश्की रू.१ करोड ३२ लाख २३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.१३ करोड ५४ लाख ७७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फस्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ४१ लाख ४३ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

नायब महालेखापरीक्षक

प्रतापपुर गाउँपालिका, नवलपरासी

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्योंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
४५	१०३	४८६६६	०	०	०	४५	१०३	४८६६६	१६१५	६६९७	२७१३२	०	०	३३८२८	१३२२३

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फस्योंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
प्रतापपुर गाउँपालिका नवलपरासी	१३५४७७	०	०	१३५४७७	०	४८६६६	१८४१४३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : प्रतापपुर गाउँपालिका, नवलपरासी , प्रतापपुर गाउँपालिका , नवलपरासी पश्चिम भाग

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	चिरन्जिवि घिमिरे	२०७८-१०-२७	हाल सम्म कार्यरत
लेखा प्रमुख	दिनानाथ ढकाल	२०७७-५-२५	हाल सम्म कार्यरत
		बेरुजु रकम	४८,६६६,२५९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२०,९७,२४,२९०	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५७,७९,०१,७०१	**चालु खर्च**	५३,६७,३१,५७४
प्रदेश सरकारबाट अनुदान	२,२८,३४,५१६	**पूँजीगत खर्च**	२४,५५,३४,८२६
राजश्व बाँडफाँट	१०,९९,३५,२३७	**वित्तीय/अन्य व्यवस्था**	४६,०१,३१९
आन्तरिक आय	१,०९,३८,९७१		
अन्य आय	१,०८,२८,१५५		
कुल आय	७३,२४,३८,५८०	**कुल खर्च**	७८,६८,६७,७१९
बाँकी मौज्दात		१५,७२,९५,१५१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**लेखापरीक्षण** उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मुल्याङ्कन तथा लेखापरीक्षण योजना वमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिको लागि जोखिम विश्लेषण, नमुना छनौट र लिखित प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायीक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर कार्यालयका पदाधिकारीहरुसँग मिति २०७९।०९।२९ मा छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन् ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस प्रतापपुर गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारको संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु प्रतापपुर गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, ८७.५५ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ भने यस पालिकाको जनसंख्या ५० हजार ३ सय २६ रहेको छ ।	
३			**लेखापरीक्षणको क्रममा असूली** लेखापरीक्षणको क्रममा वढी भुक्तानी भएको तथा वढी दरमा भत्ता भुक्तानी भएको रु.७८९८०। असूल भई वेरुजू खातामा दाखिला भएको छ ।	
४			**स्थानीय सञ्चित कोष**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस प्रतापपुर गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारवाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।	

प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		६३,९१,००,९९५.२५	५५,६६,६७,९४८.८५		५५,६६,६७,९४८.८५	६६,४५,४९,९२०.६६		६६,४५,४९,९२०.६६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६२,७२,८३,८०३.००	५४,६१,५४,७९३.६०	०	५४,६१,५४,७९३.६०	६४,७०,३९,३५३.०१	०	६४,७०,३९,३५३.०१
११००० कर	११	१०,२९,६३,८०३.००	११,४१,२७,१४८.३३	०	११,४१,२७,१४८.३३	११,६२,६९,१४९.५१	०	११,६२,६९,१४९.५१
१३००० अनुदान		५१,०९,२०,०००.००	४२,४९,६५,५८५.२०	०	४२,४९,६५,५८५.२०	५२,९४,५७,५४०.००	०	५२,९४,५७,५४०.००
संघीय	१२	४७,१६,५३,०००.	४०,२१,३१,०६९.	०	४०,२१,३१,०६९.	४९,७९,३९,५४०	०	४९,७९,३९,५४०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

सरकार		००	२०		२०	.००		.००
प्रदेश सरकार	१२	३,९२,६७,०००.००	२,२८,३४,५१६.००	०	२,२८,३४,५१६.००	३,१५,१८,०००.००	०	३,१५,१८,०००.००
१४००० अन्य राजस्व		१,३४,००,०००.००	६७,४७,०६०.०७	०	६७,४७,०६०.०७	१३,१२,६६३.५०	०	१३,१२,६६३.५०
१५००० विविध प्राप्ति		०	३,१५,०००.००	०	३,१५,०००.००	०	०	०
३३००० दायित्व		०	०	०	०	०	०	०
ख. अन्य प्राप्ति		१,१८,१७,१९२.२५	१,०५,१३,१५५.२५		१,०५,१३,१५५.२५	१,७५,१०,५६७.६५		१,७५,१०,५६७.६५
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		१,१८,१७,१९२.२५	६८,१७,१९२.२५	०	६८,१७,१९२.२५	१,३२,७८,६६९.६५	०	१,३२,७८,६६९.६५
धरौटी		०	३६,९५,९६३.००	०	३६,९५,९६३.००	४२,३१,८९८.००	०	४२,३१,८९८.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०	
			भुक्तानी (ग+घ)		८२,६६,१४,१४२.२५	६१,१०,९७,०८७.८४		६१,१०,९७,०८७.८४	५४,९६,६३,४५९.३८		५४,९६,६३,४५९.३८	
			ग. भुक्तानी (सञ्चित कोषबाट)		८१,४७,९६,९५०.००	६०,६४,९५,७६८.८४		६०,६४,९५,७६८.८४	५४,२८,४४,०३०.९८		५४,२८,४४,०३०.९८	
			२१००० पारिश्रमिक / सुविधा	१८	२०,४३,६८,७००.००	१६,८२,७५,३५२.१०	०	१६,८२,७५,३५२.१०	१३,३६,७६,२६६.००	०	१३,३६,७६,२६६.००	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	२०,३१,१८,०००.००	१५,५३,६२,६३१.६३	०	१५,५३,६२,६३१.६३	९,०७,६४,६७६.५२	०	९,०७,६४,६७६.५२	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन</td><td>१८</td><td>३,००,०००.००</td><td>२,७०,७००.००</td><td>०</td><td>२,७०,७००.००</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>२५००० सहायता (Subsidy)</td><td>१८</td><td>२,२५,५४,०००.००</td><td>१,८२,५१,१८४.००</td><td>०</td><td>१,८२,५१,१८४.००</td><td>७,५४,५२,७८८.००</td><td>०</td><td>७,५४,५२,७८८.००</td></tr>
<tr><td>२६००० अनुदान</td><td>१८</td><td>६७,९८,०००.००</td><td>१५,७४,०६०.००</td><td>०</td><td>१५,७४,०६०.००</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>२७००० सामाजिक सुरक्षा</td><td>१८</td><td>१,५७,४०,०००.००</td><td>१,४६,४३,७४६.४०</td><td>०</td><td>१,४६,४३,७४६.४०</td><td>५८,७४,५९३.००</td><td>०</td><td>५८,७४,५९३.००</td></tr>
<tr><td>२८००० अन्य खर्च</td><td>१८</td><td>४१,७८,४४७.००</td><td>२५,८३,२६८.००</td><td>०</td><td>२५,८३,२६८.००</td><td>६,३६,६०,४५६.४०</td><td>०</td><td>६,३६,६०,४५६.४०</td></tr>
<tr><td>३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च</td><td>१८</td><td>३५,७७,३९,८०३.००</td><td>२४,५५,३४,८२६.७१</td><td>०</td><td>२४,५५,३४,८२६.७१</td><td>१७,३४,१५,२५१.०६</td><td>०</td><td>१७,३४,१५,२५१.०६</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			घ. अन्य भूक्तानी		१,१८,१७,१९२.२५	४६,०१,३१९.००		४६,०१,३१९.००	५४,९६,६३,४५९.३८		५४,९६,६३,४५९.३८	
			कोषहरु		१,१८,१७,१९२.२५	३०,०२,३७२.००	०	३०,०२,३७२.००	५९,७७,३२८.४०	०	५९,७७,३२८.४०	
			धरौटी		०	१५,९८,९४७.००	०	१५,९८,९४७.००	८,४२,१००.००	०	८,४२,१००.००	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०	
			ङ. यो वर्षको बचत (न्युन)		(१८,७५,१३,१४७.००)	(५,४४,२९,१३८.९९)		(५,४४,२९,१३८.९९)	११,४८,८६,४६१.२८		११,४८,८६,४६१.२८	
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२०,९७,२४,२९०.४६		२०,९७,२४,२९०.४६	२७,३५,६१,७७४.८४		२७,३५,६१,७७४.८४	
			वर्षान्तको		(१८,७५,१३,१४७.	१५,५२,९५,१५१.		१५,५२,९५,१५१.	३८,८४,४८,२३६		३८,८४,४८,२३६	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बाकी रकम (ङ + च)</td><td></td><td>००)</td><td>४७</td><td></td><td>४७</td><td>.१२</td><td></td><td>.१२</td></tr>
<tr><td colspan="9"></td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>१५,५२,७४,५५१.४७</td><td></td><td>१५,५२,७४,५५१.४७</td><td>२१,४५,८८,८७८.३५</td><td></td><td>२१,४५,८८,८७८.३५</td></tr>
</table>
स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा समावेश नभएको आर्थिक कारोवारको स्थितीः
<table>
<tr><td>व.उ.शि.नः</td><td>कार्यक्रमको नाम</td><td>वजेट</td><td>निकासा</td><td>खर्च</td></tr>
<tr><td>३७०००११६४</td><td>एकिकृत स्वास्थ्य पूर्वाधार स्वास्थ्य कार्यक्रम</td><td>३६२४१०००</td><td>३१६०१७१०</td><td>३१६०१७१०</td></tr>
<tr><td>३३६००१०२३</td><td>गरिवसंग विश्वेश्वर कार्यक्रम</td><td>४६४०००</td><td>९४०००</td><td>९४०००</td></tr>
<tr><td>३१४०१०१२३</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td>१४६०५०५१२</td><td>१४४०७४९२२</td><td>१४४०७४९२२</td></tr>
<tr><td></td><td>जम्माः</td><td>१८२७५५५१२</td><td>१७५७७०६३२</td><td>१७५७७०६३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वैंक मौज्दात घटी</td><td>२०,६००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाले पेश गरेको वित्तिय प्रतिवेदन (म ले प फा नं २७२) को स्रेस्ता अनुसार अनुसार वर्षको अन्त्यमा रु१५५२९५५५१।४६ बाँकी देखिएकोमा सोहि प्रतिवेदनको बैक तथा नगद बाँकी विवरण (अनुसूचि २४) ले १५५२७४५५१।४६ मौज्दात बाँकी देखाएकोले श्रेस्तामा भन्दा बैक घटी भएको रु २०६००। को सम्वन्धमा पालिकाबाट एकिन गरि आम्दानी बाँध्नु पर्ने देखिएको रु	
६			**मौज्दात** पालिकाको आ व २०७७।७८ को म ले प प्रतिवेदन अनुसार गत वर्षको बाँकी मौज्दात रु २१८७३०८५८।२० देखाएकोमा यो वर्ष पालिकाले रु २१८०४४३२०।२१ जिम्मेवारी सारेको छ । पालिकाले रु ६८६५३८। घटि मौज्दात सारेको सम्वन्धमा गत वर्षको अन्तिम मौज्दातमा विविध कोष खाताको खर्चलाई बाँकी मौज्दातमा देखाएको कारण फरक परेको कार्यालयको भनाई रहेको छ।	
७			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। पालिकामा ऐनमा भएको व्यवस्था वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन नगरेको कारण निम्नानुसार देखिएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुसार पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी आयोजना बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा चालु हालतमा नरहेको, मर्मत गर्नु पर्ने तथा लिलाम गर्नुपर्ने भनि उल्लेख गरिएको जिन्सी सामग्रीहरुको कारवाही गरेको देखिएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन। • पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन । • पालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन भएको भनि अनुगमन भत्ता भुक्तानी भए तापनि अनुगमन निरिक्षणको क्रममा देखिएको व्यहोराहरु प्रतिवेदनमा खुलाउने गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाले तलवी प्रतिवेदन पारित गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ वमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षणले औल्याएका कैफियत अन्तिम लेखापरीक्षण अगावै सम्परिक्षण गराउनु पर्ने व्यवस्था भएकोमा कार्यान्वयन गरेको पाईएन । • पालिकाले सवारी साधनको मर्मत अभिलेख राखेको पाईएन । • वेरुजूको लगत पालिकाले राख्ने गरेको देखिएन । • कतिपय निर्माण कार्यमा प्रयोग हुने मिस्कट लगायतको निर्माण सामग्रीको स्टिमेटमा मु.अ.कर समावेश भएको तर उपभोक्ता समितिले सो खरिद वापतको कर विजक पेश गरेको देखिएन । • पालिकामा निर्माण भएको अधिकांश सडक योजनाहरुमा डोलीडारको नर्म्स प्रयोग गर्ने गरेको तर सडक विभागको नर्म्स प्रयोग गरेको देखिएन । • परामर्श सेवाबाट पालिकाले गराएको अध्ययन कार्यको प्रतिवेदनहरु जिन्सीमा दाखिला गर्ने नगरेको । • सवारी लगवुक भर्ने नगरेको । • व्यवसायीहरुको अभिलेख अद्यावधिक गरी करको दायरामा नल्याएको । • कार्यालयमा जडान भएको सफ्टवेयरहरुको जिन्सी दाखिला गर्ने नगरेको । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
८			**चौमासिक खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार कुल पूँजीगत खर्च तर्फ प्रथम चौमासिकमा विनियोजित वजेट भन्दा १०० प्रतिशत घटि खर्च भएको त्यस्तै दोश्रो चौमासिकमा ९०.१० प्रतिशत घटि खर्च भएको र तेश्रो चौमासिकमा ५३.१६ प्रतिशत वढी खर्च भएको	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
देखियो । चौमासिक खर्चको तुलना गर्दा प्रथम चौमासिकमा जिरो प्रतिशत, दोश्रो चौमासिकमा ९.८९ प्रतिशत र तेश्रो चौमासिकमा ९०.११ प्रतिशत खर्च भएको छ । यसरी तेश्रो चौमासिक अर्थात् वर्षान्तमा मात्र अधिक खर्च गर्दा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक वजेटको आधारमा खर्च गरी बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ ।
<table>
<tr><td rowspan="2">वजेट उपशिर्षक</td><td colspan="2">वजेट र खर्च (रु.हजारमा)</td><td colspan="2">प्रथम चौमासिक (रु.हजारमा)</td><td colspan="2">दोश्रो चौमासिक (रु.हजारमा)</td><td colspan="2">तेश्रो चौमासिक (रु.हजारमा)</td></tr>
<tr><td>वजेट</td><td>खर्च</td><td>वजेट</td><td>खर्च</td><td>वजेट</td><td>खर्च</td><td>वजेट</td><td>खर्च</td></tr>
<tr><td>चालु खर्च तर्फ</td><td>४५७०५७</td><td>३५९९०४</td><td>२७११५६</td><td>७२३१८</td><td>८५४६६</td><td>१०३०७३</td><td>९३०५०</td><td>१८४५१३</td></tr>
<tr><td>पूँजीगत खर्च तर्फ</td><td>३५७७४०</td><td>२४५५३५</td><td>१२४८५०</td><td>०</td><td>८४७०९</td><td>२४२९२</td><td>१०३६१९</td><td>२२१२४३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
योजनाको छनौट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरी योजना तयार हुनुपर्ने व्यवस्था छ । पालिकाले आवधिक, मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागु गरेको देखिएन र योजनाको प्राथमिकिकरण गरेको समेत देखिदैन । पालिकाले आर्थिक बर्ष २०७८।७९ मा रु.२५ करोड २ लाख ४ हजारका ३५६ योजना छनौट गरी कार्यान्वयन गरेकोमा अधिकांश निम्नानुसार साना आयोजनाहरु छनौट गरी कार्यान्वयन गरेको देखियो ।
<table>
<tr><td>योजना संख्या</td><td>योजना संख्या</td><td>रकम</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रु.१ लाख सम्मका योजना</td><td>२२</td><td>१३३१९६८.००</td></tr>
<tr><td>रु.१ लाख देखि २ लाख सम्मका योजना</td><td>४४</td><td>८२९६६४०.००</td></tr>
<tr><td>रु.२ लाख देखि ५ लाख सम्मका</td><td>१५६</td><td>५१४८००००.००</td></tr>
<tr><td>रु.५ लाख देखि १० लाख सम्मका</td><td>६९</td><td>५२०९५०००.००</td></tr>
<tr><td>रु.१० लाख देखि माथिका</td><td>६५</td><td>१३७००००००.००</td></tr>
<tr><td>जम्मा</td><td>३५६</td><td>२५०२०३६०८.००</td></tr>
</table>
सानो योजना छनौट गरेर बजेट विनियोजन गरी योजना कार्यान्वयन हुदा योजनाको उद्देश्य पुरा नहुन सक्दछ । योजना छनौट तथा बजेट विनियोजन गरी योजना कार्यान्वयन गर्दा ठुला योजनालाई प्राथमिकता दिंदै बजेट विनियोजन गरी योजनाको दिगोपना र प्रतिफल प्राप्त हुने गरी योजना छनौट गरी कार्यान्वयन हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
मू.अ.कर समायोजन पेश

सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२४ (२) अनुसार रिन्टेन्सन मनि भुक्तानी गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरे पछि मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले भौचर नं ४, मिति २०७८।६।१७ मा रिटेन्सन मनि रु २०६१५२ शुभ लक्ष्मी कन्सट्रक्सन प्रा. ली. लाई फिर्त गर्दा मूल्य अभिबृध्दि कर समायोजन पत्र नराखेकोले मूल्य अभिबृध्दि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु...
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१०.१</td><td>शुभ लक्ष्मी कन्सट्रसन</td><td>२,०६,१५२</td></tr>
</table>
</td><td>२०६,१५२</td></tr>
<tr><td>११</td><td></td><td></td><td>आयको अनुमान र असूली</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असूली</th><th>असूली प्रतिशत</th></tr>
<tr><td>भूमिकर/मालपोत</td><td>४००००००.००</td><td>२०००००.००</td><td>५.००</td></tr>
<tr><td>घरबहाल कर</td><td>१२०००००.००</td><td>६६२४६८.२५</td><td>५५.२१</td></tr>
<tr><td>सवारी साधन कर (साना सवारी)</td><td>२०००००.००</td><td>०</td><td>०.००</td></tr>
<tr><td>अन्य मनोरञ्जन कर</td><td>२०००००.००</td><td>०</td><td>०.००</td></tr>
<tr><td>अन्य कर</td><td>१००००००.००</td><td>३३२८९४२.४९</td><td>०.००</td></tr>
<tr><td>सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय</td><td>१५०००००.००</td><td>०</td><td>०.००</td></tr>
<tr><td>कृषि उत्पादनको विक्रीवाट प्राप्त आय</td><td>५०००००.००</td><td>०</td><td>०.००</td></tr>
<tr><td>विद्युत सेवा शुल्क</td><td>०</td><td>७२९८०</td><td>-</td></tr>
<tr><td>शिक्षा क्षेत्रको आम्दानी</td><td>०</td><td>७०००</td><td>-</td></tr>
<tr><td>परिक्षा शुल्क</td><td>२०००००.००</td><td>०</td><td>०.००</td></tr>
<tr><td>नक्सापास दस्तुर</td><td>२००००००.००</td><td>२५६७५५.०७</td><td>१२.८४</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>२५०००००.००</td><td>१७०५७८५.००</td><td>६८.२३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>व्यक्तिगत घट्ना दस्तुर</td><td>१०००००.००</td><td>२१७५७०.००</td><td>२१७.५७</td></tr>
<tr><td>नाता प्रमाणित दस्तुर</td><td>५०००००.००</td><td>३९५७४१.००</td><td>७९.१५</td></tr>
<tr><td>अन्य दस्तुर</td><td>१००००००.००</td><td>२०९७६६९.००</td><td>२०९.७७</td></tr>
<tr><td>व्यवसाय रजिष्ट्रेशन दस्तुर</td><td>२५००००००.००</td><td>१४०५६०.००</td><td>५.६२</td></tr>
<tr><td>व्यवसाय कर</td><td>२००००००.००</td><td>२७७०००.००</td><td>१३.८५</td></tr>
<tr><td>जम्माः</td><td>१७४००००००.००</td><td>९३६२९७०.८१</td><td>५३.८१</td></tr>
</table>
प्राप्त विवरण अनुसार पालिकाले अनुमान गरेको आन्तरिक आयको ५३.८१ मात्र असूली गरेको देखियो । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
क्षेत्रगत वजेट खर्च

स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक वजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को क्षेत्रगत वजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नः</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत
(जम्मा खर्चको तुलनामा)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>६७६१००००.००</td><td>५३३७०२३६.८३</td><td>९.६६</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>२३३३७६३०३.००</td><td>१५६५२५८७४.७१</td><td>२८.३३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३८७२०१५००.००</td><td>३०५७५४६९५.२०</td><td>५५.३४</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र</td><td>१५७४६१४७.००</td><td>८४१८२३६.००</td><td>१.५२</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>११०८६०००.००</td><td>२८४३६२७३.९०</td><td>५.१५</td></tr>
<tr><td></td><td>जम्माः</td><td>८१४७९६९५०.००</td><td>५५२५०५३१६.६४</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कुल खर्च मध्ये सवै भन्दा वढी सामाजिक विकासमा ५५.३४ प्रतिशत र सवै भन्दा घटी सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा १.५२ प्रतिशत खर्च भएको छ । मध्य कालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सुचकहरु निर्धारण गरी सोही आधारमा वजेट सांकेतीकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यान्वयन हुने गरी वजेट व्यवस्थापन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>खरिद योजना

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा सार्वजनिक निकायले एक बर्षभन्दा बढी अवधिसम्म संचालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा बार्षिक रु.१० करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नु पर्ने व्यवस्ठा छ । पालिकाले खरिद गुरु योजना तयार गरेको देखिएन, नियममा भएको व्यवस्था अनुसार खरिद गुरु योजना तयार गरी कार्य हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>विद्यालयगत निकासा

आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**शैक्षिक गुणस्तर** राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तर युक्त वनाउन स्थनिय तहवाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापत गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन तयार गरेको छैन । तसर्थ गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्दछ ।	
१६			**शिक्षक दरवन्दी र पदपूर्ती** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका ३२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । **विद्यालय संख्या**: **२३**; **शिक्षक दरवन्दी**: **२४०**; **पदपूर्ती**: **२४०**; **पदपूर्ती मध्ये करार**: **१४१**; **विद्यार्थी संख्या**: **९२८७**	
१७			**आर्थिक सहायता:** सरकारको बार्षिक कार्यक्रममा परेका वाहेक कुनैपनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउने नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्राभावकारिता कायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन, २०७७ मा उल्लेख छ। उपरोक्त व्यवस्था स्थानिय तहका सबै कार्यालयहरुले पालना गर्नुपर्ने समेत उल्लेख छ। कार्यपालिकाको निर्णय बमोजिम विभिन्न ७२ जना गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने विपन्न, असहाय, वृदवृद्धा तथा विभिन्न कारणले आर्थिक रुपले कमजोर रहेका व्यक्तिहरुलाई निवेदन लिइ प्रमुखको तोक आदेशानुसार यो वर्ष रु.९९१५००। आर्थिक सहायता वितरण	

विद्यालय संख्या	शिक्षक दरवन्दी	पदपूर्ती	पदपूर्ती मध्ये करार	विद्यार्थी संख्या
२३	**२४०**	**२४०**	**१४१**	**९२८७**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरेको देखियो। आर्थिक सहायता एवं अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन । उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक वृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र आर्थिक सहायता र औषधि उपचार खर्च गर्नुपर्ने देखिन्छ ।	
१८			**अन्य निकायको खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र नियमावली२०७७ अनुसार कार्यालय प्रमुखले जुन कार्यको लागि बजेट विनियोजन भएको सोही कार्यक्रममा खर्च गर्नुपर्दछ ।यहाँ पलिकाले आफ्नो कार्यक्षेत्र बाहेकको निम्न क्रियाकलापमा खर्च गरेको पाइन्छ । उक्त खर्च नियमित अनियमित देखिएको रु.. • भौचर नं २६९ मा विविध खर्च शिर्षकबाट बटेश्वर गा.पा. धनुषामा भइरहेको राष्ट्रिय महिला कबड्डी प्रतियोगितामा शिव शक्ति युथ क्लब लुम्बनी प्रदेशको टिम सहभागिको आते-जाते खर्च, ड्रेस ट्र्याकसुट आदिको लागि रु २६००० भुक्तानी गरेको पाइन्छ । • भौचर नं २८४ मा सशस्त्र प्रहरी बल नेपाल बोर्ड र आउट पोष्ट गुठी प्रसौनीको गाडी मर्मत खर्च वापत रु ३६०४३ भुक्तानी भएको ।	६२,०४३
१९			**न्याय सम्पादन:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये गत आर्थिक वर्ष सम्म फर्छ्यौट नभएको ५९ र यो आर्थिक वर्षमा दर्ता भएको ५४ गरी जम्मा ११३ फर्छ्यौट गर्नुपर्ने देखिएकोमा न्यायिक समितिबाट २६ समाधान भएका छन् भने समाधानको प्रक्रियामा रहेका ८७ वटा छन् । समितिमा परेका उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>

कम कर कट्टी

आयकर ऐन २०५८, दफा ८८ अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानीको १५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । भौचर नं २८९, मिति २०७८|१०|२० मा पालिकाले जागृति सामाजिक विकास संस्थाद्वारा सेनेटरी प्याड बनाउने कार्यक्रम संचालन गराए वापत रु ४९६००० सेवा शुल्क भुक्तानी गर्दा १५% कर कट्टि नगरी अग्रिम कर,रु ५१००, बहाल कर रु २०००, पारिश्रमिक कर रु १७२५० कट्टा गरिएकोले कम कर कट्टी असुल हुनुपर्ने (४९६००० को १५ % ७४४०० मा जम्मा रु २५३५० मात्र कर कट्टी भएकोले कम कर कट्टी) रु...

<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>२०.१</td><td>जागृति सामाजिक विकास संस्था</td><td>५०,०५०</td></tr>
</table>
</td><td>५०,०५०</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>

पेश्की वाँकी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम आर्थिक वर्षको अन्तमा फर्छ्यौट गर्न वाँकी पेश्की कानून वमोजिम फर्छ्यौट गर्नुपर्ने रु...

<table>
<tr><th rowspan="2">सि. नः</th><th rowspan="2">विवरण</th><th rowspan="2">पेश्की लिने संस्था/कर्मचारी</th><th colspan="2">पेश्की वाँकी</th><th rowspan="2">जम्मा पेश्की</th></tr>
<tr><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>वडा नः ८ वडा कार्यालय भवन निर्माण</td><td>गुरुकुल-फिक्कल जे.भी.</td><td>०</td><td>१२३८६००</td><td>१२३८६००</td></tr>
<tr><td>२</td><td>जगन्नाथ स्वास्थ्य चौकी वडा नः ७ वडा नः १ भठ्ठा र वडा नः ३ गर्वदवा भवन</td><td>कोरल निर्माण सेवा</td><td>०</td><td>६००००००</td><td>६००००००</td></tr>
</table>
</td><td>१३,२२२,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>वडा नः ५ वडा कार्यालय भवन</td><td>सिर्जनशिल कन्स्ट्रक्सन</td><td>०</td><td>२००००००</td><td>२००००००</td></tr>
<tr><td>४</td><td>वडा नः १ भिठ्ठा निर्माणाधिन पुल देखि ओम शान्ति हुंदै वर्दघाट सिमाना सडक कालोपत्र्</td><td>सुस्ता कन्स्ट्रक्सन प्रा.लि.</td><td>०</td><td>३७६०००</td><td>३७६०००</td></tr>
<tr><td>५</td><td>१५ शैयाको अस्पतालको निर्माणका लागि मुआव्जा खर्च</td><td>जगन्नाथपुर प्राथमिक स्वास्थ्य केन्द्र</td><td>०</td><td>१५०००००</td><td>१५०००००</td></tr>
<tr><td>६</td><td>विद्यालयमा मन्टेसरी कक्षा संचालन भवन रंगरोगन र चउरमा माटो पुर्ने काम</td><td>त्रिभुवन मा वि वेलाटारी</td><td>०</td><td>१३५८०००</td><td>१३५८०००</td></tr>
<tr><td>७</td><td>माछाको साना व्यवसायिक उत्पादन केन्द्र (पकेट)</td><td>लोटस बहुउद्देश्यिय कृषक समुह</td><td>०</td><td>७५००००</td><td>७५००००</td></tr>
<tr><td>८</td><td>१५ शैया अस्पताल निर्माण</td><td>लामा कन्स्ट्रक्सन कम्पनी</td><td>९८५००००</td><td>०</td><td>९८५००००</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td>९८५००००</td><td>१३२२२६००</td><td>२३०७२६००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>बढी खाजा भत्ता:

पालिकाले गो.भौ.नं. ८०५-२०७९।३।२५ बाट अतिरिक्त समय कार्य गरेको अवधिको प्रोत्साहन भत्ताका अतिरिक्त खाजा भत्ता बापत १० जनालाई रु.१३७०००।- भत्ता रकम भुक्तानी गरेकोमा सहायक स्तर पाँचौ सागर अर्याल र सहायक स्तर चौथो नरेन्द्र कुमार पाण्डेलाई कार्यदिन अनुसार २४५ दिनको खाजा भत्ता भुक्तानी दिनुपर्नेमा २ वडाको जिम्मेवारी लिएको उल्लेख गरी ३९०</td><td>१२,३२५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			दिनको प्रति कार्यदिन रु.५० का दरले खाजा भत्ताबापतको रकम भुक्तानी दिएको देखियो । कार्यदिन भन्दा बढी अवधिको खाजा भत्ता बापतको रकम भुक्तानी दिन मिल्ने नदेखिएकोले कर बाहेकको उक्त रकम असुल हुनुपर्ने रु.१२३२५	
२३			**नर्म्स भन्दा बढी खर्च:** पालिकाको कार्य सञ्चालन कार्यविधि अनुसार कम्तीमा १.५ घण्टाको सेसनअवधि हुनुपर्ने र प्रति सेसन रु.२०००।-का दरले भुक्तानी हुनुपर्ने व्यवस्था छ। सो अनुसार सामान्यतया ११ बजेदेखि ३ बजेसम्म सञ्चालन हुने तालिममा दिनमा बढीमा २ वटा सेसन मात्र सञ्चालन हुन सक्ने देखिन्छ ।पालिकाले IEMIS CD भर्ने सम्बन्धी २ दिने कार्यशाला पहिलो दिन २ समुहमा र दोस्रो दिन एक समुहमा मात्र सञ्चालन गरेबापत गो.भौ.नं.७७९-२०७९।३।२४ बाट यादवचन्द्र विष्टलाई रु.९९१४०।-भुक्तानी गरेकोमा बढीमा ६ सेसन बराबरको रकम रु.१२०००।-प्रशिक्षक भत्ता बापत खर्च लेख्नुपर्नेमा रु.२१६००।-प्रशिक्षक भत्ता भुक्तानी गरेको देखिएकोले नर्म्सभन्दा बढी खर्च लेखेको करबाहेकको रकम असुल गर्नुपर्ने	८,१६०
२४			**अन्य निकायको खर्च:** पालिकाले भ्रमण खर्च बापत गो.भौ.नं.७९३-२०७९।३।२५ बाट रु.८९०००।- खर्च लेखेकोमा ईलाका प्रशासन कार्यालय सेमरीका ४ जना र मालपोत कार्यालयका २ गरी ६ कर्मचारीको भ्रमण खर्चबापत रु. ४००००।-भुक्तानी भएको देखियो । बजेट तथा अख्तियारी सहितका संघीय कार्यालयमा कार्यरत कर्मचारीले नियमानुसार भ्रमणमा खटिएबापत सोही निकायबाट भ्रमण खर्च प्राप्त गर्ने हुँदा पालिकाबाट भ्रमण खर्च भुक्तानी भएको नियमसङ्गत देखिएन। साथै निम्नानुसारका कर्मचारीको एकै अबधिको २ वटा भ्रमण बिल संलग्न गरी भ्रमण खर्च लेखिएकोले दोहोरो भ्रमण खर्च भुक्तानी असुल हुनुपर्ने रु.	१५,५००
२५			**विविध खर्च:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कार्यसञ्चालन निर्देशिका तयारीका लागि २०७७।११।२५ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले परिपत्र गरेको नमूना कानूनमा पालिका अध्यक्ष, उपाध्यक्ष, पालिका र	६७,१८६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			वडाध्यक्ष/वडा कार्यालयले क्रमश: रु१५०००।-, १००००।- १००००।- र रु.५०००।- मासिक रकममा नबढ्ने गरी अतिथि सत्कार र चियापान बापतको रकम खर्च गर्न पाउने गरी व्यवस्था गर्न सकिने उल्लेख छ । सो अनुसार यस पालिकाले वार्षिक रु.९६००००।- सम्म अतिथि सत्कार एवं चियापान बापत खर्च गर्न मिल्नेमा यस वर्ष अतिथि सत्कार तथा विविधतर्फ रु.२८०९८१८।- खर्च गरेको निर्देशिका अनुकूल एवं मितव्ययी देखिएन । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । • आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्चको पुष्ट्याई हुने बिल भरपाई एवं प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ।पालिकाले उक्त व्यवस्था बिपरित २०७९।२।११ र २० मा कारोवार भएको उल्लेख भएको बिलको आधारमा गो.भौ.नं. ७९५-२०७९।३।२५ बाट विविध खर्चबापत बोधी रेडसन होटल प्रा.लि. र रोयल कटेज प्रा.लि. लाई क्रमश: रु.१५७७८८१।- र रु. ९६०५०।- भुक्तानी दिएको देखियो । कार्यक्रम एवं प्रयोजन नखुलाई उक्त खर्च लेखेको नियमसङ्गत देखिएन । साथै यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन: • पालिकाले बोधी रेडसन प्रा.लि. लाई रु.१५७७८८१।-भुक्तानी गरेकोमा संलग्न बिल भरपाई अनुसार ८८४८ भोड्का ६० मिलिलिटर २६ प्याक र टुबोर्ग १० थान समेत मदिराजन्य पदार्थको लागि रु.१४२४५।- भुक्तानी गरेको देखिएकोले नियमानुसार खर्च लेख्न एवं भुक्तानी दिन नमिल्ने उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.१४२४५।- • पालिकाले बोधी रेडसन होटल प्रा.लि. लाई रु.१५७७८८१।- भुक्तानी गरेकोमा रु.१०४९४०।- को मात्र कर विजक पेश भएकोले विजक बेगरको भुक्तानी रकम असुल हुनुपर्ने रु.५२९४१।-	
२६			**लामखुट्टे नियन्त्रण:**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६.१			पालिकाले वडा नं.८ मा लामखुट्टे नियन्त्रणका लागि औषधी छर्ने कार्यको गो.भौ.नं. ५७२-२०७९।२।२७ बाट रु.२४६४८८।-खर्च लेखी सागर अर्याललाई भुक्तानी दिएकोमा संलग्न डोर हाजिर अनुसार सामाजिक सुरक्षा करबाहेक रु.७००९२।-भुक्तानी सम्बन्धितले बुझेको नदेखिएकोले सोको पुष्टयाई पेश हुनुपर्ने एवं रु.७३२००।-ज्यामी ज्यालाको भुक्तानी गर्दा अदक्ष कामदारको जिल्ला दररेट अनुसार रु.५७० प्रति कामदार प्रतिदिनका दरले रु.५५२९०।- भुक्तानी दिनुपर्नेमा रु.६०० का दरले ९७ अदक्ष कामदारको रु.५८२००।- ज्यामी ज्यालाबापतको रकम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रु.२९१० असुल हुनुपर्ने रु.	७३,००२
२६.२			पालिकाले वडा नं.५ मा लामखुट्टे नियन्त्रणका लागि औषधी छर्ने कार्यको गो.भौ.नं. ६९३-२०७९।३।२० बाट रु.२४९६५०।-खर्च लेखी सागर अर्याललाई भुक्तानी दिएकोमा संलग्न डोर हाजिर अनुसार एवं स्वीकृत जिल्ला दररेट अनुसार दक्ष कामदारको स्वीकृत जिल्ला दररेट अनुसार २२ कार्यदिनको रु.८४० का दरले भुक्तानी हुनुपर्नेमा रु.८५० का दरले र अदक्ष कामदारको १९८ कार्य दिनको रु.५७० का दरले भुक्तानी हुनुपर्नेमा रु.५७५ का दरले भुक्तानी भएको देखिएकोले सामाजिक सुरक्षा करबाहेक बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.	१,९९८
२७			**दोहोरो भुक्तानी:** पालिकाले ५० प्रतिशत अनुदानमा कृषि यान्त्रीकरण वितरण कार्यक्रम अन्तर्गत २० हर्सपावरको डिजल इन्जिन पावर ट्रिलर वितरणका लागि अनुदानग्राहीसँग गरेको सम्झौतामा पालिकाबाट अनुदान बापत अधिकतम रु.१०१६२५।- उपलब्ध गराउने उल्लेख भएको र अनुदानग्राहीले बाँकी रकम भुक्तानी भैसकेकोले सम्झौतानुसारको रकम मात्र पालिकाबाट उपलब्ध गराउन मञ्जुरीनामा समेत दिएको अवस्थामा गो.भौ.नं.७८२-२०७९।३।२४ बाट ४ पावर ट्रिलर ३ कृषि तथा पशु फर्म एवं १ कृषकलाई अनुदान बापत उपलब्ध गराएकोमा प्रति पावर ट्रिलर बिल अनुसारको रकम रु.२१५०००।- को ५० प्रतिशतले हुने रकम रु.१०७५००।- गोल्डेन सप्लायर्सलाई भुक्तानी गरेको देखियो। सम्झौतानुसार ४ पावरट्रिलरको रु.१०१६२५।-का दरले रु.४०६५००।- भुक्तानी हुनुपर्नेमा रु.४३००००।-भुक्तानी भएको देखिएकोले दोहोरो भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.	२३,५००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>
पदाधिकारी दोहोरो सुविधा

लुम्विनी प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा १४(२) मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । पालिकाले सवारी साधन सुविधा लिएको पदाधिकारीहरुलाई थप यातायात सुविधा बापतको रकम भुक्तानी दिएको देखियो । यसरी दोहोरो पर्ने गरी भुक्तानी दिएको रकम असूल गर्नुपर्ने रु....

<table>
<tr><td>क्र.सः</td><td>पदाधिकारीको नाम</td><td>वडा नः</td><td>भुक्तानी भएको महिना</td><td>दर</td><td>रकम</td></tr>
<tr><td>१</td><td>श्री हरेन्द्र यादव</td><td>७ नः वडा अध्यक्ष</td><td>९ महिना</td><td>१००००</td><td>९००००</td></tr>
<tr><td>२</td><td>श्री दुधनाथ चौधरी</td><td>१ नः का.बा.अध्यक्ष</td><td>९ महिना</td><td>३०००</td><td>२७०००</td></tr>
<tr><td>3</td><td>श्री उमेश चन्द्र यादव</td><td>पालिका अध्यक्ष</td><td>१ महिना २० दिन</td><td>१२०००</td><td>२००००</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td></td><td></td><td>१३७०००</td></tr>
</table>
</td><td>१३७,०००</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>
प्र.अ.भत्ता

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को कार्यक्रम नः २.२ को शिक्षकको तलव भत्ता तथा सेवा सुविधा विवरणमा सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुको तलव र प्रधानाध्यापकको भत्ता सम्वन्धी व्यवस्था गरिएको छ । जस अन्तर्गत प्राथमिक तहमा रु.२०० निम्न माध्यमिक तहमा रु.३००। र माध्यमिक तहमा रु.५००। व्यवस्था भएकोमा गाउँपालिकाले पनि सोही भत्ता माध्यमिक तहमा रु.१०००।, निम्नमाध्यमिक तहमा रु.७००। र प्राथमिक तहमा रु.७००। थप गरी २३ विद्यालयका प्रधानाध्यापकलाई भुक्तानी हुने गरी रु.१९५६००। थप निकासा दिएको छ । यसरी एउटै शिर्षकमा दोहोरो पर्ने गरी भुक्तानी भए भत्ता अनियमित देखिएको रु....
</td><td>१९५,६००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**अवलोकन भ्रमण**	
३०.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम तर्जुमा गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा योगदान पुर्याउने, उत्पादनमुलक तथा छिटो प्रतिफल दिन सक्ने, जनताको जीवनस्तर आम्दानी र रोजगारी वढ्ने बिषयलाई समेट्नु पर्ने व्यवस्था छ । पालिकाले उल्लेखित व्यवस्थालाई ध्यान नदिई सवै वडास्तरिय र पालिकास्तरिय कृषि अवलोकन भ्रमण जस्ता शिर्षकमा खर्च गरेको देखियो । एकतर्फ अवलोकन भ्रमणमा जाने सवै सहभागि कृषक हुन् भन्ने आधार देखिंदैन भनेे अर्कोतर्फ अवलोकन भ्रमण पछि उनिहरुको पेशामा भएको परिवर्तनको मापन भएको छैन । यसरी प्रतिफल प्राप्त नहुने प्रकारको कार्यक्रमलाई निरुत्साहित गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	

भौ.नः/मिति	विवरण	रकम
२४७- २०७८।९।२१	वडा नः १ को कृषि अवलोकन भ्रमण	५०००००
२५०- २०७८।९।२१	वडा नः ५ को कृषि अवलोकन भ्रमण	५०००००
२४८- २०७८।९।२१	वडा नः २ को कृषि अवलोकन भ्रमण	५०००००
३२८- २०७८।११।११	वडा नः ७ को कृषि अवलोकन भ्रमण	५०००००
६९९- २०७९।३।२०	वडा नः ६ र ९ को कृषि अवलोकन भ्रमण	७०००००
६८४- २०७९।३।२०	वडा नः ८ को कृषि अवलोकन भ्रमण	४९११२०
५२७- २०७९।२।११	वडा सदस्यहरुको लागि अवलोकन भ्रमण	५०००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०.२</td><td></td><td></td><td>पालिकाले एउटै प्रकृतिको काममा एकरुपता ल्याउने तर्फ ध्यान दिंदै नियमित सञ्चालन हुने कार्यक्रमहरुको दर निर्धारण गर्नु पर्दछ । त्यस्तो दर निर्धारण नभएको भए आपूर्तिकर्ताबाट आर्थिक प्रस्ताव माग गरी दररेट पेश गर्ने मध्ये न्यूनलाई छनौट गर्नु पर्दछ । उपर्युक्त वमोजिमको प्रकृया पालना नगरेको कारण पालिकाबाट भएको सबै कृषि अवलोकन भ्रमणमा लिएको वस भाडामा एकरुपता देखिएन । पशु तथा कृषि अवलोकन भ्रमण वडा नः ७ को गाडी भाडालाई आधार मान्दा उक्त भ्रमण मिति २०७८।८।२३ देखि २७ सम्म ५ दिन रहेको र डिलक्स १ थान गाडी जम्मा रु.१४५०००। मा लिएको देखियो । उस्तै स्पेशिफिकेशन भएको गाडी सुविधा र भाडामा लिएको दिन पनि एउटै भएको अवस्थामा पनि फरक दरमा भाडा भुक्तानी भएकोले निम्नानुसार वढी व्ययभार परेको रु...

<table>
<tr><th>विवरण</th><th>भ्रमण अवधि</th><th>गाडीको विवरण</th><th>भुक्तानी भएको भाडा</th><th>रकम</th></tr>
<tr><td>वडा नः१ को कृषि अनुगमन भ्रमण</td><td>२०७८।०८।१५ देखि ८।१९</td><td>डिलक्स १ थान वस</td><td>२०००००</td><td>५५०००</td></tr>
<tr><td>वडा नः२ को कृषि अनुगमन भ्रमण</td><td>२०७८।०८।१५ देखि ८।१९</td><td>डिलक्स १ थान वस</td><td>२०००००</td><td>५५०००</td></tr>
<tr><td>वडा नः५ को कृषि अनुगमन भ्रमण</td><td>२०७८।०८।१५ देखि ८।१९</td><td>डिलक्स १ थान वस</td><td>२०००००</td><td>५५०००</td></tr>
<tr><td>वडा नः ६ र ९ को कृषि अनुगमन भ्रमण</td><td>२०७८।०८।१० देखि ८।१५</td><td>डिलक्स २ थान वस</td><td>३०००००</td><td>१००००</td></tr>
<tr><td>वडा नः ८ को कृषि अनुगमन भ्रमण</td><td>२०७९।०२।३१ देखि ३।४</td><td>डिलक्स १ थान वस</td><td>२००००</td><td>५५०००</td></tr>
<tr><td>वडा सदस्यहरुको लागि अवलोकन भ्रमण</td><td>२०७८।०९।१४ देखि ९।१९</td><td>डिलक्स १ थान वस</td><td>२३००००</td><td>८५०००</td></tr>
<tr><td>जम्माः</td><td></td><td></td><td></td><td>३१५०००</td></tr>
</table></td><td>३१५,०००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>बितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम तर्जुमा गर्दा आर्थिक विकास तथा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरिवी निवारणमा योगदान पुर्याउने, उत्पादनमुलक तथा छिटो प्रतिफल दिन सक्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने बिषयलाई समेट्नु पर्ने व्यवस्था छ । कानूनमा भएको उक्त व्यवस्थालाई बेवास्ता गर्दै पालिकाले विभिन्न वडामा भाँडा वर्तन वितरण गर्ने जस्तो अनुत्पादक कार्यक्रम गरेको देखियो । योजना तर्जुमा गर्दा यस प्रकारको कार्यक्रमलाई निरुत्साहित गरी प्रतिफलमुखी कार्यक्रम तर्जुमा गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।
<table>
<tr><th>सि.नः/मिति</th><th>विवरण</th><th>पार्टीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>वडा नः ९ को कार्यक्रम अनुसार भाडा वर्तन खरिद</td><td>साझा मल्टिप्रपोज बिजनेश सेन्टर</td><td>४९९२४५</td></tr>
<tr><td>२</td><td>वडा नः ७ मा भाडा वर्तन कुर्सि त्रिपाल वितरण</td><td>वि डि एस सप्लायर्स</td><td>१९७२९८</td></tr>
<tr><td>३</td><td>वडा नः ७ मा भाडा वर्तन कुर्सि त्रिपाल वितरण</td><td>साझा मल्टी सप्लायर्स</td><td>३००७९६</td></tr>
<tr><td>४</td><td>वडा नः ७ र ९ मा भाडा वर्तन खरिद वितरण</td><td>वि डि एस सप्लायर्स</td><td>२९८३२०</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td>१२९५६५९</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td>१३४</td><td>२०७९-२-२३</td><td>एम्वुलेन्स खरिद

एम्वुलेन्स खरिद कार्यका लागि प्रतापपुर गाउँपालिका र अग्नी इन्कर्पोरेटेड प्रा.लि.विचमा भएको सम्झौताको वुँदा नः २ मा एम्वुलेन्सको कुल रकम रु.३९७८९४२। गाउँपालिकाले भुक्तानी दिनु पर्ने र वुँदा ५ मा अग्रिम रकम भुक्तानी पश्चात १२-१५ हप्ता भित्र प्रथम पक्षलाई एम्वुलेन्स उपलव्ध गराउने उल्लेख छ । पालिकाले अग्नी इन्कर्पोरेटेड प्रा.लि.लाई मिति २०७९।०२।२५ मा अग्रिम रकम भुक्तानी दिएको देखिए तापनि हाल सम्म पनि एम्वुलेन्स प्राप्त भएको देखिएन । सम्झौताको अधिकतम अवधि वमोजिम २०७९ असोज महिना भित्रमा एम्वुलेन्स प्राप्ति भै सक्नुपर्ने देखिएको तर लेखापरीक्षण अवधि सम्म पनि आपुर्ति भएको छैन । पालिकाले यथाशिघ्र एम्वुलेन्स ल्याई सो वाट दिने सेवा सुरु गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनु पर्दछ । उक्त एम्वुलेन्स प्राप्त गरी गाउँपालिकामा जिन्सी दाखिला भएको प्रमाण पेश गर्नु पर्ने रु...</td><td>३,९७८,९४२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>

सेवा परामर्श

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(४) मा परामर्श सेवा र अन्य सेवाको लागत अनुमान अनुसुची १-क को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सेवा र परामर्श खर्च शिर्षकबाट गाउँपालिकाको सम्पन्न योजनाहरुको प्रभाव मुल्यांकन, गाउँपालिकाको वृत्तचित्र लगायतको काममा लागत अनुमान बेगर सुचिकृत कन्सल्टेन्सीहरुबाट दररेट माग गरी त्यसै मध्ये छनौट गरी काम गरेकोले विनियोजन भएको वजेटकै हाराहारीमा खर्च भएको देखियो । वास्तविक लागत यकिन नगरी आपूर्तिकर्ताले पेश गरेको दरको आधारमा भुक्तानी भएकोले कन्सल्टेन्सीलाई भुक्तानी भएको रकम यथार्थपरक छ भन्ने आधार देखिएन । नियमावलीमा भएको व्यवस्था वमोजिम लागत अनुमान तयार गरी सो दरमा प्रतिशपर्धा गराएर खर्च लेख्नु पर्दछ । यसका केही उदाहरण निम्नानुसार रहेका छन् ।

<table>
<tr><th>सि.नः</th><th>कन्सल्टेन्सीको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>प्रोग्रेसिभ इनिसियटिभ</td><td>पालिकाको वृत्तचित्र निर्माण</td><td>४९९०००</td></tr>
<tr><td>२</td><td>एफ आर रिसर्च सेन्टर</td><td>सम्पन्न योजनाहरुको प्रभाव मुल्यांकन</td><td>४९९०००</td></tr>
<tr><td>3</td><td>आर जि विज्ञापन सेवा</td><td>इ-विडिङ्ग सम्वन्धी कर्मचारी तालिम</td><td>३८८०४२</td></tr>
<tr><td>४</td><td>स्किल्स होम प्रा.लि.</td><td>कोरोना भाइरस पिडीत र विदेशबाट फर्केको यूवालाई तालिम</td><td>४९३८१०</td></tr>
<tr><td>५</td><td>रामग्राम मल्टिपल प्रा.लि.</td><td>ऐन, कार्यविधि नियमावली निर्माण</td><td>४९८७२५</td></tr>
<tr><td>६</td><td>प्रतिष्ठा मल्टि सर्भिस</td><td>सामाजिक परिक्षण प्रतिवेदन तयारी</td><td>४५३१२५</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>

अनुदानको अनुगमन:

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषिजन्य, पशुजन्य एवं अन्य सामान खरिदमा रु.४५४३३६२।- अनुदान खर्च लेखेकोमा स्थानीय अनुदान नीति तयार नगरेका कारण एकै प्रकारको अनुदान वितरणमा समेत एकरुपता देखिएन।साथै पालिकाले विगतमा पनि सोही प्रकृतिका अनुदान उपलब्ध गराएकोमा सोको अभिलेख व्यवस्थापन एवं बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	

गो.भौ.नं.,मिति	विवरण	रकम	कैफियत
७६४-२०७९।३।२४	५० प्रतिशत अनुदानमा केराको बेर्ना वितरण वडा नं.८	२५००००।-	१८ कृषकलाई २०००० थान
७६१-२०७९।३।२४	५० प्रतिशत अनुदानमा केराको बेर्ना वितरण वडा नं.६	२५००००।-	१८ कृषकलाई २०००० थान
७४५-२०७९।३।२२	५० प्रतिशत अनुदानमा नैनी माछा भुरा	२५००००।-	१२ फर्मलाई ७४२५० भुरा वितरण
७४३-२०७९।३।२२	५० प्रतिशत अनुदानमा नैनी माछा भुरा वितरण	१०१५००।-	१० फर्मलाई ५०७५० माछा भुरा वितरण
७६३-२०७९।३।२४	५० प्रतिशत अनुदानमा इलेक्ट्रिक स्प्रेयर वितरण	२५००००।-	१०० थान
७५८-२०७९।३।२४	१०० प्रतिशत अनुदानमा इलेक्ट्रिक स्प्रेयर वितरण	२०००००।-	४० थान

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७८२-२०७९।३।२४</td><td>५० प्रतिशत अनुदानमा कृषि यान्त्रीकरण</td><td>४८१७५०।-</td><td>४ पावर ट्रिलर १ मिनि ट्रिलर र १ ज्याप प्लान्टर</td></tr>
<tr><td>७७४-२०७९।३।२४</td><td>५० प्रतिशत अनुदानमा कृषि यान्त्रीकरण</td><td>२४३३६२।-</td><td>मोटर २० थान</td></tr>
<tr><td>७७७-२०७९।३।२४</td><td>५० प्रतिशत अनुदानमा कृषि यान्त्रीकरण</td><td>१०३०२५०।-</td><td>पावर ट्रिलर, पम्पसेट मोटर</td></tr>
<tr><td>७०४,७०५-२०७९।३।२१</td><td>५० प्रतिशत अनुदानमा कृषि यान्त्रीकरण</td><td>७८८५००।-</td><td>३२ कृषि मोटर र ३१ च्याप कटर</td></tr>
<tr><td>७३७-२०७९।३।२२</td><td>५० प्रतिशत अनुदानमा सानो सिलाई मेशिन वितरण</td><td>२५००००।-</td><td>४० सेट</td></tr>
<tr><td>७५०-२०७९।३।२३</td><td>१०० प्रतिशत अनुदानमा सिलाई मेशिन वितरण</td><td>४४८०००।-</td><td>३२ थान</td></tr>
<tr><td></td><td></td><td>४५४३३६२।-</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>अनुत्पादक खर्च:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम छनौट उत्पादनमूलक, पूँजी निर्माणमा योगदान हुने एवं लागत साझेदारी हुने योजना छनौट गरी सोही प्रकृतिका योजना सञ्चालनलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष सूर्यपुरा निर्माण उपभोक्ता समितिमार्फत सूर्यपुरा चोकमा शालिक निर्माण गराई रु.६४७२५९।-को कार्य सम्पन्न गराएकोमा पालिकाको विनियोजित बजेट अनुसार रु.५०००००।- भुक्तानी गरेको देखियो।यस्ता अनुत्पादक</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खर्चमा बजेट विनियोजन एवं खर्च गर्ने पवृत्तिमा सुधार गरी पूँजी निर्माणमा योगदान पुग्ने योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।	
३६			**पार्श्वचित्र पुस्तक तयारी:** प्रतापपुर गाउँपालिकाको (आन्तरिक तथा वैदेशिक) पार्श्वचित्र तयारी सम्बन्धी दिग्दर्शन,२०७८ को अनुसूची ५ अनुसार तथ्याङ्क विष्लेषण एवं २०० थान पार्श्वचित्र प्रकाशनमा रु.७००००।- हजार सम्मको खर्च प्रस्तावना गरी सोही अनुसार खर्च गर्न सकिने उल्लेख छ । दिग्दर्शनको उक्त व्यवस्था विपरित पालिकाले बैदेशिक रोजगार सम्बन्धी १७५ थान पाश्वचित्र पुस्तक तयारी एवं छपाई गरी गो.भौ.नं.७७२-२०७९।३।२४ बाट दुर्गा प्रिन्टिङ्ग एण्ड स्टेशनरी उद्योगलाई रु.१८२१२७।- भुक्तानी गरेकोमा तोकिएभन्दा बढी खर्च लेखेको अनियमित देखिएको रु.	१२०,८७७
३७			**पुष्ट्याई बेगर खर्च:** पालिकाले अपाङ्गता सम्बन्धी तथ्याङ्क सङ्कलन एवं पुस्तक प्रकाशनबापत नेपाल ग्रामिण विकास केन्द्रलाई गो.भौ.नं. ६०९-२०७९।३।१० बाट रु.२९७५००।-खर्च लेखेकोमा ८० थान पुस्तक प्रकाशन गरेको मूनाल अफसेट प्रा.लि.को रु.८५४२८।– बिल संलग्न गरेको आधारमा पुस्तक प्रकाशन बापतको रकम भुक्तानी भएकोमा उक्त पुस्तक प्राप्त गरी पालिकाले जिन्सी आम्दानी बाँधेको नदेखिएकोले खर्चको पुष्ट्याई पेश हुनुपर्ने रु.	८५,४२८
३८			**प्रस्तावना विपरित खर्च:** पालिकाले विद्यालय स्तर बालक्लब गठन तथा अनुशिक्षणका लागि उपकार समाज संस्थासँग रु.४४८१९१।-सम्झौता गरी गो.भौ.नं.६१७-२०७९।३।१२ बाट भुक्तानी गरेकोमा उक्त संस्थाले पेश गरेको प्रस्तावना २७ विद्यालयमा बालक्लब गठन तथा अनुशिक्षण गर्ने गरी प्रति कार्यक्रम रु.१६५९९।७० का दरले सम्झौता भएकोमा पेश प्रगति विवरण अनुसार २५ विद्यालयमा मात्र बालक्लब गठन तथा अनुशिक्षणको कार्य भएको र २ छलफल बैठक भएको उल्लेख गरेको पाइयो । प्रस्तावना बमोजिमको कार्य सम्पन्न नगरी सोही कार्यक्रममा प्रस्ताव गरेको रकम छलफल बैठकमा खर्च गरेको अनियमित देखिएको रु.	३३,१९९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>बडी भुक्तानी:

पालिकाले कार्यालयमा विद्युत वायरिङ्ग जडान बापत गो.भौ.नं. ७९१-२०७९।३।२५ बाट सूनिल हार्डवेयर एण्ड सप्लायर्सलाई संलग्न बिल अनुसार रु.७०६६१।-भुक्तानी दिनुपर्नेमा रु.७७८९०।- भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.</td><td>७,७२९</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>घटी कर कट्टा:

पालिकाले गो.भौ.नं.७८४-२०७९।३।२४ बाट शिक्षा समितिको बैठक भत्ता बापत अभिनन्दन सिंहलाई रु.२६४००।-भुक्तानी दिएकोमा आयकर ऐन २०५८ को दफा ८८ अनुसार १५ प्रतिशतले हुने रकम रु.३९६०।-कर कट्टा गरी भुक्तानी दिनुपर्नेमा रु.१०५०।-मात्र कट्टा गरी भुक्तानी दिएकोले घटी कर कट्टा गरेको रकम असुल गर्नुपर्ने रु.</td><td>२,९१०</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>वितरणमूखी कार्यक्रम:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम बनाउदा उत्पादनमूलक एवं रोजगारीमूलक योजना छनौट गरी आर्थिक विकास एवं गरिबि निवारणमा योगदान हुने योजना सञ्चालनलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष सञ्चालन गरेका केहि कार्यक्रमहरुको नमूना छनौट गरी परीक्षण गर्दा देहाय अनुसार वितरणमूखी कार्यक्रममा बजेट विनियोजन गरी खर्च गरेको उपयुक्त देखिएन। वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने योजना तथा कार्यक्रममा खर्च गर्नुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>७२९-२०७९।३।२१</td><td>वडा भरि झुल वितरण वडा नं.४, २११८ थान</td><td>९५२५४९।-</td></tr>
<tr><td>७९८-२०७९।३।२५</td><td>झूल हर्लिक्स एवं टर्चलाईट वितरण कार्यक्रम वडा नं.७</td><td>२९३९९५।-</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७१७-२०७९।३।२१</td><td>आमा समूहका पदाधिकारीलाई साडी वितरण १८० थान वडा नं. ७</td><td>१२५०९१।-</td></tr>
<tr><td>७४०-२०७९।३।२२</td><td>महिला स्वयम सेविकालाई दराज वितरण ५२ थान</td><td>७०२०००।-</td></tr>
<tr><td>६४५-२०७९।३।२२</td><td>महिला स्वयम सेविकालाई दराज वितरण ९ थान</td><td>१७९९०७।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>बढी भुक्तानी:

उपभोक्ता समितिबाट कार्य गराउने गरी लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर लाग्ने आइटममा मूल्य अभिवृद्धि करबापतको रकम थप गरी मूल्य अभिवृद्धि कर नलाग्ने आइटमको हकमा मूल्य अभिवृद्धि करबाहेकको दररेट विष्लेषण गरी लागत अनुमान तयार गरी सोही अनुसार भुक्तानी दिनुपर्दछ । पालिकाले कृषि विद्युतीकरण कार्यक्रम अन्तर्गत निम्नानुसार तार पोल विस्तार कार्य उपभोक्ताबाट गराएकोमा पोल ढुवानी बापतको रकममा मूल्य अभिवृद्धि करबाहेकको प्रतिपोल ढुवानी रकम रु.८०० कायम गरी लागत अनुमान तयार गरी सोही अनुसार भुक्तानी गर्नुपर्नेमा ढुवानीमा समेत मूल्य अभिवृद्धि कर सहित रु.९०४ का दरले रकम समावेश गरी भुक्तानी दिएकोले बढी भुक्तानी भएको देखिएको रु.
<table>
<tr><th>गो.भौ. नं., मिति</th><th>विवरण</th><th>पोल ढुवानी</th><th>फरक दर</th><th>रकम</th></tr>
<tr><td>८११-२०७९।३।२५</td><td>तारपोल विस्तार: बोरिङ्ग जडान उ.स. वडा नं.७</td><td>४२ थान</td><td>१०४</td><td>४३६८।-</td></tr>
<tr><td>७३२-२०७९।३।२२</td><td>कृषि विद्युतीकरण तारपोल उ.स.वडा नं. ९</td><td>५२ थान</td><td>१०४</td><td>५४०८।-</td></tr>
</table>
</td><td>९,७७६</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>बढी भुक्तानी:</td><td>१,९९७</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिकाले हरपुर मस्जिददेखि हरिजन चोकसम्मको बाटो कालोपत्रेका लागि रु.७७५०३२।०५ को लागत अनुमान तयार गरी दररेट माग गरी २०७९।३।९ मा २०७९।३।२५ सम्म कार्य गर्ने गरी लागत अनुमानकै हाराहारीमा शिबशक्ति रियल स्टेट एण्ड सौरभ कन्सट्रक्शन प्रा.लि. सँग रु.७७१२५४।२१ को सम्झौता गरेकोमा बेस कोर्स सम्मको कार्य गराई गो.भौ.नं. ८०९-२०७९।३।२५ बाट रु.४७००४३।- भुक्तानी गरेको देखियो । निर्माण कार्यको भुक्तानी गर्दा निर्माण व्यवसायीले कवोल गरेको दररेट अनुसार रु.४६८०४६।- भुक्तानी गर्नुपर्नेमा लागत अनुमानको दररेट अनुसार ठेक्का बिल तयार गरी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	
४४			**परामर्श सेवा:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने एवं दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने अवस्थामा व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ ।पालिकाले यस वर्ष निम्नानुसार कार्यको परामर्श सेवामार्फत खरिद कार्य गरेकोमा ऐनको व्यवस्थानुसारको अवस्था नखुलाई, स्वीकृत नर्म्स एवं लागत अनुमान बेगर एवं पेश प्रतिवेदन प्राप्ति एवं सोको अभिलेखाङ्कन बेगर भुक्तानी गरेको उपयुक्त एवं मितव्ययी देखिएन। गो.भौ.नं., मिति — विवरण — रकम ७६५-२०७९।३।१४ — पालिकाको भौतिक विकास योजना: रामग्राम इन्जिनियरिङ्ग कन्सल्टेन्सी — ४९८३३०।- ७६२-२०७९।३।२४ — Summarized GIS based map तयारी:रामग्राम मल्टीपल प्रा.लि. — ४९८३३०।-	
४५	४०२	२०७८-१२-२०	**बील भरपाई वेगरको खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि	१००,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्ने बील, भरपाई, प्रमाण र कागजात संलग्न गर्नु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम वमोजिम प्रति सुत्केरी रु.२०००। स्याहार खर्च उपलव्ध गराउनको लागि प्रतापपुर स्वास्थ्य चौकीका अ.न.मि.श्री मिरा कोहाँरले पेश्की माग गर्दा बजेट खर्च लेखिएको छ । पेश्की दिनु पर्ने रकम बजेट खर्च लेखिएको र सो को विल भरपाई पनि पेश भएको छैन । उक्त रकमको बील भरपाई पेश हुनु पर्दछ, अन्यथा असूल हुनु पर्ने रु...</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>घाँसको विउ

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील, भरपाई, प्रमाण र कागजात संलग्न गर्नु पर्ने व्यवस्था छ । पालिकाले पशु सेवा तर्फको कार्यक्रममा वितरण गर्न खरिद भएको घाँसको वीउको भरपाई संलग्न नगरी खर्च लेखेको पाइयो । उक्त घाँसको वीउको वितरण भरपाई पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु...

<table>
<tr><th>भौ.नः/मिति</th><th>विवरण</th><th>भरपाई नभएको परिमाण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>११८- २०७८|८|६</td><td>वर्षिम घाँसको विउ</td><td>७८ के.जी.</td><td>२५८९६</td><td>ऋषि भेटेरीनरी फर्मा वाट खरिद</td></tr>
<tr><td>३५४- २०७८|११|२६</td><td>सुडान घाँसको विउ</td><td>१७२ के.जी.</td><td>२६६६०</td><td>मालिका सिड कम्पनीवाट खरिद</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td>५२५५६</td><td></td></tr>
</table></td><td>५२,५५६</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा एक पटकमा रु.१० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एक फर्म वा कम्पनी मार्फत एक पटक मात्र खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले निम्नानुसार रु.१,१३,१७,७९९। वरावरको खरिद गर्दा उपर्युक्त ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन । प्राप्त विवरण अनुसार एउटै प्रकृतिको विभिन्न कामलाई प्याकेज नवनाई पटक पटक गरी</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खरिद गरेको देखियो । यसरी खरिद योजना नवनाई प्रतिशपर्धा सिमित हुने गरी वस्तु तथा सेवा खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।	

क्र.सः	निर्माण व्यवसायीको नाम	कामको विवरण	रकम
१	वसन्ती इनर्जी पावर प्रा लि	नविकरणीय उर्जा प्रविधि जडान	७७१७१०
२	इमर्जिङ्ग अल्टर्नेटिभ सस्टेनेवल टेक्नोलोजी प्रा लि	सौर्य वत्ति मर्मत पुरै वडा	२८७२९०
३	वसन्ती ट्रेड एण्ड सप्लायर्स	सोलार वत्ति जडान पुरै वडा	९६३८९०
४	युनाइटेड रिसोर्स कम्पनी एण्ड कन्सल्टेन्स प्रा लि	सोलार वत्ति जडान पुरै वडा	४६५५२०
५	नम्सु निर्माण सेवा प्रा लि	ग्राभेल र माटो फिलिङ्ग	९९२४५०
६	मिश्रा निर्माण सेवा	ग्राभेल र माटो फिलिङ्ग	८६४१९०
७	ओजस कन्स्ट्रक्सन	ग्राभेल र माटो फिलिङ्ग	५९७७६०
८	विकास निर्माण सेवा	ग्राभेल र माटो फिलिङ्ग	९९६४४०
९	जेसिका निर्माण सेवा	ग्राभेल र माटो फिलिङ्ग	९९५१३०
१०	सुलभ कन्स्ट्रक्सन	ग्राभेल र माटो फिलिङ्ग	९८२४२०
११	हरेकृष्ण कन्स्ट्रक्सन	ग्राभेल र माटो फिलिङ्ग	७४२१५०
१२	शिव शक्ति रियल स्टेट एण्ड सौरब कन्स्ट्रक्सन	ग्राभेल र माटो फिलिङ्ग	७७१२५०
१३	अल्का कम्प्यूटर	कम्प्यूटर प्रिन्टर खरिद	२८७५००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४</td><td>अल्का कम्प्यूटर</td><td>कम्प्यूटर प्रिन्टर खरिद</td><td>१८०८००</td></tr>
<tr><td>१५</td><td>मंगलम कम्प्यूटर सर्भिस</td><td>कम्प्यूटर प्रिन्टर खरिद</td><td>३६२०००</td></tr>
<tr><td>१६</td><td>एन एस के कर्पोरेसन नेपाल</td><td>कम्प्यूटर प्रिन्टर खरिद</td><td>२८१८९९</td></tr>
<tr><td>१७</td><td>व्रदर ट्रेडिङ्ग कम्पनी प्रा लि</td><td>कम्प्यूटर प्रिन्टर खरिद</td><td>७७५४००</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td>११३१७७९९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>प्रोभिजनल सम</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>निर्माण कार्यमा ननकम्पिटिटिभ आईटमको रुपमा राखिएको प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा निर्माण व्यवसायिले पेश गरेको विल भर्पाईको आधारमा भुक्तानी गर्नुपर्दछ । देहायका ठेक्कामा निर्माण व्यवसायीलाई ल्याव टेष्ट तथा विमा वापतको प्रोभिजनल सम अन्तर्गतको रकम भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न अनुसार छ ।</td><td></td></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>पालिकाले ठेक्का नं १४।०७७।७८ अन्तर्गत बेलटारी चोक देखि कदमहा टोल जाने बाटो स्तरोन्नती कार्यको लागि निर्माण व्यवसायी प्रतिभा निर्माण सेवालाई भौचर नं ४१ मिति २०७८।११।२५ बाट रु १०२३३८७। विल भुक्तानी गर्दा प्रोभिजनल सम अन्तर्गत मेटेरियल टेष्ट वापत रु.१९२८५। को सक्कल विल विजक बेगर भुक्तानी गरेको देखिएकोलेविल विजक वेगर भुक्तानी गरेको रु १९२८५ असुल गर्नुपर्ने रु</td><td>१९,२८५</td></tr>
<tr><td>४८.३</td><td></td><td></td><td>पालिकाले ठेक्का नं ६।०७८।७८ अन्तर्गत प्रतापपुर २ को सिमाना देखि सेमरी मुल बाटो स्तरोन्नती कार्यको लागि निर्माण व्यवसायी प्रदिप कन्स्ट्रक्सनलाई भौचर नं २७७ मिति २०७९।३।२५ बाट रु २९०५०२१। विल भुक्तानी गर्दा प्रोभिजनल सम अन्तर्गत मेटेरियल टेष्ट वापत रु.१३७००। को सक्कल विल विजक बेगर भुक्तानी गरेको देखिएकोलेविल विजक वेगर भुक्तानी गरेको रु १३७००। असुल गर्नुपर्ने रु</td><td>१३,७००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८.४			पालिकाले ठेक्का नं ९।७८।७९ को जगन्नाथपुर चोक देखि वसहिया जाने सडक स्तरोन्नती कार्यको लागि निर्माण व्यवसायी ओम शिवम निर्माण सेवालाई भौचर नं ५८ मिति २०७९।३।२५ बाट रु २३५७७३५। विल भुक्तानी गर्दा प्रोभिजनल सम अन्तर्गत ल्याव टेष्ट वापत रु.९७७५। को विल पेश गरेकोम रु १६०७१। र विमा कभरेज बापत रु ३२१४४। विल बेगर भुक्तानी गरेको देखिएकोलेविल विजक वेगर भुक्तानी गरेको रु ३८४४० असुल गर्नुपर्ने रु	३८,४४०
४९			**प्रदेश समपुरक** लुम्विनि प्रदेश सरकारबाट स्विकृत प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि २०७८ अनुसार समपुरक कोष बाट संचालित कार्यक्रम आयोजना संचालन गर्दा कुल खर्चको ५० प्रतिशत प्रदेश सरकार र ५० प्रतिशत व्यहोर्नु पर्ने व्यवस्था छ । यो वर्ष समपुरक योजना अन्तर्गत ठेक्का नं ८ वडा नं ५ वडा कार्यालय भवन निर्माण कार्यको भौचर नं ११ र १५ मिति २०७८।३।२५ बाट निर्माण व्यवसायी सिर्जनशिल कन्सट्रक्सन कम्पनीलाई भौचर नं ११ र १५ मिति २०७८।३।२५ बाट पेश्की तथा पहिलो र दोश्रो रनिङ विल समेत रु ५५२९४२०। भुक्तानी गर्दा पालिका र प्रदेशबाट व्यहोरिने अंश वरावर नगरी प्रदेश समपुरक कोषबाट मात्र खर्च गरेको देखियो ।यसरी अनुदान व्यवस्थापन कार्यविधि विपरित प्रदेश समपुरकबाट बढी खर्च लेखेको रु २७६४७१०। पालिकाबाट फिर्ता गरि प्रदेश सरकारको संचित कोषमा फिर्ता हुनु पर्ने रु...	२,७६४,७१०
५०			**ठे नं ३१।२०७७।७८(जगन्नाथपुरमा १५ शैयाको प्रार्थमिक स्वास्थ्य अस्पताल** जगन्नाथपुर प्रार्थमिक स्वास्थ्य केन्द्रमा १५ शैया अस्पताल भवन निर्माण कार्यको लागि रु १४४०३२३५८। (मुल्य अभिबृद्धि कर समेत) को लागत अनुमान स्विकृत गरी इ विड मार्फत बोलपत्र आव्हान गरेकोमा ८ वटा ई विड दर्ता भएकोमा प्राविधिक तथा आर्थिक प्रस्तावबाट छनौट भएका निर्माण व्यवसायी लामा कन्ट्रक्सन कम्पनीको रु ११२४१३५५१।२३। को (लागत अनुमानको तुलनामा २१.९५प्रतिशत कम) कवोल अंक स्विकृत गरी २०८०।३।२३ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७८।३।२० मा सम्झौता भएको छ । उक्त अस्पताल निर्माण कार्य २०८० असार २३ भित्र सम्पन्न गर्नुपर्ने सम्झौतामा उल्लेख भएतापनि २०७९ असार सम्म दोश्रो रनिङ विल सम्म रु २१७५१७२०। भुक्तानी भई वित्तिय प्रगती १९.३५ प्रतिशत मात्रदेखिएकोले समयमा काम सम्पन्न गर्न पालिकाबाट श्रोत सुनिस्चित गर्नुका साथै निर्माण व्यवसायीबाट समयमै काम सम्पन्न गर्न वर्क सेडुल लिई सोहि आधारमा काम सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**पूर्व निर्धारित क्षतिपुर्ति** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारणबाट खरिद सम्झौता बमोजिम तोकिएको म्यादमा कार्य सम्पादन हुन नसकेमा निर्माण व्यवसायीले सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरि प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । पालिकाले ठेक्का नं ३२।०७७।७८ बाट सडक कालोपत्रे कार्यको लागि मानब कन्स्ट्रक्सनसंग रु ४०६५१४६।सम्झौता गरि कार्य गराएकोमा निर्माण व्यवसायीले सम्झौतामा तोकिएको र पछि थप भएको म्याद २०७८ चैत्र मसान्त सम्म कार्य सम्पन्न गरि भुक्तानी माग गरेको देखिएन । साथै उक्त निर्माण कार्यको नापी किताव तथा ठेक्का विल अनुसार २०७९ असार १० मा प्राविधिकबाट उक्त निर्माण कार्यको नापी गरेको देखिएकोले म्याद नाघेको अवधि बैशाख १ देखि असार ९ सम्मको जम्मा ७१ दिनको सम्झौता रकम रु ४०६५१४६। को प्रतिदिन ०.०५ प्रतिशतका दरले रु १४४३१२। पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु	१४४,३१२
५२			**अनुपातिक कट्टि** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।पालिकाले बाटो तथा चौतारी निर्माण कार्यको लागि रु २१७६६६५। को लागत अनुमान तयार गरी कार्यालयबाट रु १९४००००। र उपभोक्ता समितिबाट रु २३६६६५। व्यहोर्ने गरी कजवे पूर्व नर्सही जानेबाटो स्तरोन्नती तथा चौतारी निर्माण उपभोक्ता समितिसंग सम्झौता भएकोमा उपभोक्ता समितिबाट रु १३१६९९१। को कार्य सम्पन्न भएको प्राविधिक विल बाट देखिन्छ । उपभोक्ताले सम्पन्न गरेको कामको आधारमा उपभोक्ताको जनसहभागिताको अंस रु १४३१९४। कट्टा गरि उपभोक्ता समितिलाई रु ११७३७९७। भुक्तानी दिनुपर्नेमा रु ११७९३००। भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रु ५५२९। असुल हुनुपर्ने रु	५,५२९
५३			**कार्य सम्पादन जमानत र पेश्की जमानतको म्याद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			दायित्वको अवधिभन्दा कम्तिमा एक महिना बढी अवधिको हुनु पर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम सार्वजनिक निकायले आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई खरिद सम्झौतामा उल्लेख भए बमोजिम पेश्की दिंदा त्यस्तो पेश्की रकम खाम्ने गरी बाणिज्य बैकबाट जारि भएको बैक जमानत लिई पेश्की दिनुपर्ने र उक्त बैक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्छ्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा १ महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाबाट ठेक्का मार्फत निर्माण कार्य गराएका देहायका ठेक्कामा कार्य सम्पादन जमानत र पेश्की जमानतको म्याद नियमावलीले तोकेको भन्दा कम अवधिको देखिएकोमा म्याद थप गराएको नदेखिएकोले निर्माण व्यवसायीले पेश गरेक कार्य सम्पादन जमानत तथा पेश्की जमानत जोखिममा परेको हुंदा म्याद थप गराउने तर्फ ध्यान दिनुपर्दछ	

योजना	निर्माण व्यवसायी	सम्झौता रकम	पेश्की रकम	कार्य सम्पन्न गर्ने म्याद	कार्य सम्पादन जमानतको म्याद	पेश्की जमानतको म्याद
वर्गदवा नयाँ स्वास्थ्य चौकि निर्माण (३९।०७७।७८)	कोरल निर्माण प्रा लि	१२०३८६८९	२००००००	२०७९।५।१५	२०७९।११।२४	२०७९।३।२७
जगन्नाथपुरमा स्वास्थ्य चौकी निर्माण (४०।०७७।७८)	कोरल निर्माण प्रा लि	११८३९१४८	२००००००	२०७९।५।१५	२०७९।११।२४	२०७९।३।२७
वडा नं ५ वडा कार्यालय भवन निर्माण (८।०७८।७९)	सिर्जनशिल कन्स्ट्रक्सन प्रा लि	११७८५७३४	२००००००	०७९।१२।३०	२०८०।६।३०	२०७९।७।८
वडा नं ८ वडा कार्यालय भवन निर्माण (४२।०७७।७८)	गुरुकुल / फिक्कल जे भि	१०६६२६३१	१२३८०००	२०७९।५।१६	२०८०।६।१६	२०७९।४।१९
सडक स्तरोन्नती प्रतापपुर ५,	मानव कन्स्ट्रक्सन	४०६५१४६	१४६८०००	२०७८।३।२५	२०७९।७।३०	-

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

बदौली(३२।०७७।७८)	, सरावल					

</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>

फरक नर्मसको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तर्फको संचरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत नर्म्स प्रयोग नगरी फरक नर्म्सको (डोलीडार, भवन) प्रयोग गरी दर विश्लेषण गरेको देखियो । सडकको लागि स्वीकृत नर्म्सको प्रयोग गरी दर विश्लेषण गर्दा पि सि सि १:२:४ को प्रति घ.मि.रु ८९१८। हुने देखिन्छ । तर पालिकाले लागत अनुमान गर्दा सडक निर्माणको लागि स्वीकृत भएको दर विश्लेषणको प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको छ । जसअनुसार देहायका योजनामा उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले पालिकालाई देहाय बमोजिम थप व्ययभार परेको रु....

गोश्वरा भौचर	उपभोक्ता समिती	पि सि सि परिमाण	भुक्तानी दर	बढी दर	बढी व्ययभार रकम
२९५	सडक पिसिसि ढलान उ स प्रतापपुर	३१.२	१०४०३	१४८५	४६३३२
२९६	बसहिया कोटहिस्थान योजना उ स	५३.१९	१०४०३	१४८५	७८९८७
२८२	बाटो पिसिसि ढलान उ स	५८.८५	१०४०३	१४८५	८७३९२
२८५	बाटो पिसिसि ढलान उ स प्रतापपुर ५	१२७.५१	१०४०३	१४८५	१८९३५२

</td><td>१,७८८,५२४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			२७५	टेडिया टोला बाटो स्तरउन्नती प्रतापुर ८	१४.८४	१०४०३	१४८५	२२०३७	
			२६७	भैरमपुर पिसिसि निर्माण उ स	४१.३५	१०४०३	१४८५	६१४०४	
			२४६	मुल सडक देखि नमस्ते पुस्तक पसल सम्म बाटो स्तरोन्नती	१५.९३	१०४०३	१४८५	२३६५६	
			२४७	बाटो स्तरोन्नती उ स प्रतापपुर (शिवमन्दिर देखि नाथु हरिजनको घर..)	१२३.७७	१०४०३	१४८५	१८३७९८	
			२४८	मुल सडक देखि सिसहरनिया अन्तिम कल्भर्ट सम्म सडक स्तरोन्नती उ स	३०.५५	१०४०३	१४८५	४५३६६	
			१०९	वाउनगढी मुल सडक देखि भागिरथीको घर हुदै मुल सडक सम्म	७३.६७	१०४०३	१४८५	१०९४४९	
			११९	प्रसौनी दलित वस्ती वाटो स्तरोन्नती वडा २	२३.६५	१०४०३	१४८५	३५१३६	
			१२८	अखण्ड स्कुल सम्म सडक स्तरोन्नती वडा १	८५.८५	१०४०३	१४८५	१२७५४५	
			१३९	दलित र थारु वस्तीमा पि सि सि	७७.०४	१०४०३	१४८५	११४४५६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	वडा २				
१५१	महेश यादवको घर देखि काल मन्दिर सम्म	२६.५३	१०४०३	१४८५	३९४१४
१७६	इनार देखि भिम वहादुरको घर सम्म पि सि सि	४०.७३	१०४०३	१४८५	६०५११
१७६	शोभा तेलिको घरदेखि दशरामीको घर सम्म	६१.८६	१०४०३	१४८५	९१९०३
१८६	महेश हरिजनको घर नजिक अधुरो पि सि सि	१२५.११	१०४०३	१४८५	१८५७८८
४५	सावित्री आधारभूत विद्यालय देखि हरकपुर सम्म सडक स्तरोन्नती	३८.३९	१०४०३	१४८५	५७०९
५०	मनोज जोशीको घर देखि गण्डक वाल सम्मको वाटो स्तरोन्नती	७७.१०	१०४०३	१४८५	११४५१०
६०	रतनपुर सडक पि सि सि	३३.८१	१०४०३	१४८५	५०२१८
५७	डिवनी र नौडिहवा सडक स्तरोन्नती	४१.४९	१०४०३	१४८५	६१६२५
८०	विक्रमको घरदेखी तजमुनको घर र ओमशान्ती देखि मुन्नाको घर	३९.८१	१०४०३	१४८५	५९१३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	सडक स्तरोन्नती				
७६	मुल सडक देखि ओमशान्ती सम्मको वाटो स्तरोन्नती	८१.०६	१०४०३	१४८५	१२०३९९
८५	मदरसा टोलमा पि सि सि ढलान	३६.११	१०४०३	१४८५	५३६३४
९९	सडक स्तरोन्नती छठ मन्दिर देखि छठघाट	८८.८	१०४०३	१४८५	१३१८९५
९८	साविक ३ हर्षपुरा सडक स्तरोन्नती	९१.७५	१०४०३	१४८५	१३६२७७
२४	गोपिगंज देखी ओमनारायणको घर	७६,६१	१०४०३	१४८५	११३८२०
२७	सडक स्तरोन्नति शान्ति टोल	६२.१६	१०४०३	१४८५	९२३३६
३०	कालिगर्छा सडक स्तरोन्ति	४५,९६	१०४०३	१४८५	६८२८३
३५	तुलसिपुर उ स ७	४८.४५	१०४०३	१४८५	७१९८७
२१३	धर्मोली ४ नं	३६.८६	१०४०३	१४८५	५४७६२
२१६	चमारटोल लालुटोल	३७.४३	१०४०३	१४८५	५५६१०
२३३	वाटो पिसिसि ढलान उ स ५ नं	३९.५३	१०४०३	१४८५	५८७३०
	जम्माः				१९८७२४९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जनसहभागिता वापतको रकम (१०%)</td><td></td><td></td><td></td><td>१९८७२५</td></tr>
<tr><td></td><td>पालिकाले व्यहोरेको खुद रकम</td><td></td><td></td><td></td><td>१७८८५२४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>ठे नं ३८।२०७७।७८(वडा नं १ मा स्वास्थ्य चौकी निर्माण</td><td></td></tr>
<tr><td>५५.१</td><td></td><td></td><td>वडा नं १ मा स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि रु १६२८९९०२। (मुल्य अभिबृद्धि कर समेत) को लागत अनुमान स्विकृत गरी इ विड मार्फत बोलपत्र आव्हान गरेकोमा १८ वटा ई विड दर्ता भएकोमा प्राविधिक तथा आर्थिक प्रस्तावबाट छनौट भएका निर्माण व्यवसायी कोरल निर्माण सेवाको रु ११८८३५१६।२७ को (लागत अनुमानको तुलनामा २७.०५ प्रतिशत कम) कवोल अंक स्विकृत गरी २०७९।५।१५ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७८।५।२४ मा सम्झौता भएको छ । उक्त योजनाका सम्वन्धमा देखिएको व्यहोरा निम्न अनुसार छ ।</td><td></td></tr>
<tr><td>५५.२</td><td></td><td></td><td>स्वास्थ्य चौकी निर्माण कार्य २०७९ भाद्र २४ भित्र सम्पन्न गर्नुपर्ने सम्झौतामा उल्लेख भएतापनि लेखापरीक्षण अवधि सम्म पनि काम सम्पन्न गरेको देखिएन । साथै उक्त निर्माण कार्यको लागि २०७९ असार सम्म प्रथम रनिङ विल रु १४३३२११। भुक्तानी भई वित्तिय प्रगती १२.०६ प्रतिशत मात्र देखिएकोले समयमा काम सम्पन्न गर्न पालिकाबाट श्रोत सुनिस्चित गर्नुका साथै निर्माण व्यवसायीबाट समयमै काम सम्पन्न गर्न वर्क सेडुल लिई सोहि आधारमा काम सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तिमा एक महिना बढी अवधिको हुनु पर्ने उल्लेख छ । पालिकाले माथि उल्लेखित ठेक्कामा एन एम वि बैंक लि को २४१६०००। को कार्य सम्पादन जमानत राखेको छ । उक्त ठेक्काको म्याद २०७९।७।२४ सम्म रहेकोमा कार्य सम्पादन जमानतको अवधि नियमावलीमा उल्लेख भए अनुसार २०८०।६।२४ सम्मको हुनुपर्नेमा २०७९।११।२४ सम्म मात्र भएकोले नियममा भएको व्यवस्था बमोजिम जमानतको म्याद थप हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५.४</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम सार्वजनिक निकायले आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रदायकलाई खरिद सम्झौतामा उल्लेख भए बमोजिम पेश्की दिंदा त्यस्तो पेश्की रकम खाम्ने गरी बाणिज्य बैकबाट जारि भएको बैक जमानत लिई पेश्की दिनुपर्ने र उक्त बैक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्छ्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा १ महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाले स्वास्थ्य चौकी निर्माण कार्यको लागि २०७९ असार २७ सम्म म्याद भएको रु २००००००। को एन एम वि बैक बाट जारी भएको पेश्की जमानतको आधारमा कोरल निर्माण प्रा लि लाई रु २००००००। पेश्की उपलव्ध गराएकोमा उक्त पेश्की फर्छ्यौट गरेको छैन । साथै उक्त पेश्की जमानतको म्याद २०७९ असार २७ मा समाप्त भएकोमा पेश्की जमानतको म्याद थप गरेको नदेखिएकोले उक्त पेश्की जोखिममा परेको हुंदा पालिकाले पेश्की जमानतको म्याद थप गराउने तर्फ ध्यान दिनुपर्दछ ।	
५६			**मूल्य समायोजन** जगन्नाथपुर प्राथमिक स्वास्थ्य अस्पतालको १५ सैया भवन निर्माण कार्य ठेक्का नं ३१।२०७७।७८ का निर्माण व्यवसायी लामा कन्ष्ट्रक्सन प्रालि संग भएको सम्झौताको विशेष सर्तको दफा ५३.१ एवं निर्माण व्यवसायिले पेश गरेको मूल्य समायोजनको अनुसुची अनुसार श्रम सामाग्री र मेशिनरी औजारमा भएको मूल्य वृद्धिका आधारमा मूल्य समायोजन दिन सकिने व्यवस्था छ । पालिकाले यस वर्ष निर्माण व्यवसायिलाई प्रथम रनिङ्ग विलको मूल्य समायोजन वापत रु ७८९०१० भुक्तानी गरेको देखियो । निर्माण व्यवसायीले मूल्य समायोजनको लागि पेश गरेको अनुसुची एवं नेपाल राषट्र वैंक वाट प्रकाशित मूल्य सुचकाङ्क अनुसार मूल्य समायोजन फ्याक्टर ०.०९७५ अनुसार मूल्य समायोजन योग्य प्रथम रनिङ्ग विल को रकम रु ५६०११३८ ले हुने रकममा मूअकर सहित रु ६१७१०५ भुक्तानी हुनुपर्नेमा वढी भुक्तानी रकम रु १७१९०५ असुल गर्नुपर्ने रु	१७१,९०५
५७			**उपभोक्ताबाट जटिल कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कृषि विद्युतीकरण, सामूदायिक सिँचाई बोरिङ्ग जडान लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य सम्बन्धित कार्यको विशेषज्ञता भएका संस्था एवं अनुभवी फर्मबाट प्रतिस्पर्धात्मक एवं गुणस्तरीय तवरले गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ.नं.,मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>कामको विवरण</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>४८८,८११-२०७९।३।२५</td><td>बोरिङ्ग जडान उपभोक्ता समिति प्रतापपुर ७</td><td>बोरिङ्ग जडान एवं विद्युत तारपोल विस्तार</td><td>३३६९२५०।-</td></tr>
<tr><td>७३२-२०७९।३।२२</td><td>कृषि विद्युतीकरण तारपोल उपभोक्ता समिति प्रतापपुर ९</td><td>विद्युत तारपोल विस्तार</td><td>९५८७४८।-</td></tr>
</table>
नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>लागत साझेदारी

१५०/२०७९-३-१८ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नु पर्ने उल्लेख छ । धान पकेट विकास कार्यक्रम अन्तर्गत रु ६ लाखको ५० प्रतिशत लागत साझेदारीमा धान उत्पादन प्रवर्धन कार्यक्रमा संचालन भएकोमा ज्ञान दर्शन कृषक समुहलाई रु ३००००० भुक्तानी भएको छ । ५० प्रतिशत साझेदारीमा कृषकको विल रकम रु ६ लाखको पेश गर्नुपर्नेमा रु ५८४८२५ को मात्र विजक पेश भएकोले नपुग विजक रु १५१७५ असुल गर्नुपर्ने रु</td><td>१५,१७५</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>मू अ कर समायोजन

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ अनुसार कृषि कार्यमा प्रयोग गरिने औजार उपरकरणहरुमा भ्याट छुटको व्यवस्था गरेको छ । पालिकाले धान पकेट क्षेत्र कार्यक्रमका लागि पम्प खरिद गरी साना किसान महिला कृषक समुहलाई हस्तान्तरण गरेकोमा उक्त साधन खरिदमा भ्याट समेत रु ४४६६०१ सौगात ट्रेडर्स लाई भुक्तानी भएको देखिएको ले भ्याट रकम रु ५१३७८ को मु अ कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>५१,३७८</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन</td><td>१७,२००,००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन २०६३ को नियम १२५ अनुसार निर्माण कार्यको अन्तिम विल भुक्तानीका वखत नापि किताव उपभोक्ताको विल र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित विद्यालयहरुलाई भुक्तानी भएको रकमको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको हुंदा निकासा दिएको रकमवाट सम्वन्धित विद्यालयले तोकिएको काममा खर्च गरी कार्य गरेको विवरण तथा कार्यसम्पन्न प्रमाण र अनुगमन प्रतिवेदन पेश गरी खर्च नभएमा फिर्ता गर्नुपर्ने रु

<table>
<tr><th>सिनं</th><th>विद्यालयको नाम</th><th>जम्मा निकासा</th></tr>
<tr><td>१</td><td>मदरसा हरपुर</td><td>३६०००००</td></tr>
<tr><td>२</td><td>आदर्श मा वि सेमरी</td><td>१८०००००</td></tr>
<tr><td>३</td><td>डम्वर वहादुर मा वि</td><td>१८०००००</td></tr>
<tr><td>४</td><td>त्रिभुवन मा वि वेलटारी</td><td>१००००००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१७२००००००</td></tr>
</table></td><td>०</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>कन्टिजेन्सि रकम

२४।४७।०७९।३।२५ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार खण्ड १ को र अनुसार ससर्त अनुदान अन्तर्गत वित्तिय हस्तान्तरण भई स्थानिय तह मार्फत विद्यालयलाई उपलव्ध हुने अनुदान रकममा कन्टिजेन्सी बापतको रकम कट्टा नगरी तोकीएको रकम सम्वन्धीत विद्यालयको खतामा उपलव्ध गराउनुपर्ने उल्लेख भएकोमा कार्यालयले मदरसा हरपुरलाई कन्टिजेन्सी कट्टा गरेको रकम रु ५००४० संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु</td><td>५०,०४०</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>स्यानिटरी प्याड

सावर्जनिक खरिद ऐन, २०६४ अनुसार रु १० लाख रुपैया सम्मको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ । सो भन्दा</td><td>२,१९९,५१३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			वढी मूल्यको मालसामान खरिद गर्दा सिलवन्दी दरभाउपत्र को प्रकृया वमोजिम खरिद गर्नुपर्नेमा कार्यालयले रु २१९९५१३ को स्यानिटरी प्याड सोझै खरिद गरेको छ । गाँउपालिकाले यस वर्ष सशर्त अनुदान अन्तर्गत सामुदायिक बिद्यालयका कक्षा ६-१० सम्मका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड वितरणका लागि गो.भौ. १९ मिति ०७९।२।९ मा २२२२० थान प्याकेट सेनीटरी प्याड रु २१९९५१३ मा खरिद गरेको छ। सेनीटरी प्याड बितरण तथा व्यबस्थापन कार्यबिधि, २०७६ मा खरिद गर्नुपर्ने स्यानिटरी प्याडको साईज तथा गुणस्तर तोकिएकोमा पालिकाले खरिद गरेको स्यानिटरी प्याड तोकिएको गुणस्तर बमोजिम प्राप्त भएको भनी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखेको देखिएन। लेखापरीक्षणको अवधिसम्म सम्पूर्ण सेनेटरी प्याड कार्यालयमा मौज्दात रहेको देखिन्छ । कार्यविधिको परिच्छेद ३ बमोजिम बिद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले प्रत्येक बिद्यालयलाई उपलब्ध गराएको सेनिटरीप्याडको अभिलेख अलग अलग रुपमा राख्नु पर्ने साथै बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यबस्थित रुपले राख्नु पर्ने व्यबस्था छ। त्यसैगरी उक्त कार्यविधिको बुदा नं.६ अनुसार विद्यालयले छात्राहरुलाई सेनिटरी प्याड वितरण गरेको विवरण छात्राहरुको नाम, नामेसी स्पष्ट खुल्ने गरी भर्पाई अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो सम्बन्धित विद्यालयका विद्यार्थीहरुले बुझिलिएको भर्पाई पेश भएको छैन। अतः विद्यालयलाई पठाएको स्यानिटरी प्याडको सम्बन्धमा सम्बन्धित छात्राहरुले प्राप्त गरेको नामनामेसी सहितको अभिलेख पेश गर्नु पर्दछ।रु.	
६३			**कक्षा ८ परिक्षा** ११२।१७७।०७९।२।१७ शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार कक्षा ८ परीक्षा संचालन तथा प्रमाणिकरणका लागि प्रति विद्यार्थी रु २५० का दरले खर्च लेख्न सकिने व्यवस्था गरेको छ । पालिका अन्तर्गत यो वर्ष कक्षा ८ मा ७७७ विद्यार्थी संख्या को रु २५० को दरले रु १९५२५० खर्च लेख्नुपर्नेमा रु ३५१६९३ खर्च लेखेकोल वढी खर्च रकम रु १५६४४३ अनियमित देखिन्छ । रु	१५६,४४३
६४			**परम्परागत विद्यालय** ८२।०७८।१२।२४ कर्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार धार्मिक विद्यालयलाई विद्यालय संचालन व्यवस्थापन अनुदान पाठ्यपुस्तक छात्रवृत्ति दिवा खाजा रकम निकासा गर्ने उल्लेख गरेको छ । कार्यालयले कार्यक्रम कार्यान्वयन	१२१,७५०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
पुस्तिकाकाे धार्मिक विद्यालयलाई तोकिदिएका अनुदान रकम वाहेक निम्न शिर्षकको रकम समेत निकासा भएकोले निकासा रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>विद्यालयको नाम</th><th>न्यूनतम प्याकेज</th><th>वाल विकास</th><th>नयां भर्ना कक्षा १</th><th>वुक कर्नर</th><th>समयावधी सुधार योजना</th><th>जम्मा</th></tr>
<tr><td>मदरसा मदिनतुल हरपुर</td><td>९०००</td><td>१८५००</td><td>२३००</td><td>८५४५०</td><td>२०००</td><td>९८७५०</td></tr>
<tr><td>मदरसा अजिजिया</td><td>०</td><td>७०००</td><td>०</td><td>०</td><td>०</td><td>७०००</td></tr>
<tr><td>मदरसा रहमतिया</td><td>०</td><td>१६०००</td><td>०</td><td>०</td><td>०</td><td>१६०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१२१७५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>
छात्रवृत्ति
५३१।०७९।३।१९ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार सामुदायिक विद्यालयका १-८ कक्षामा अध्यनरत छात्राहरुलाई छात्रवृत्ति रकम निकासा गर्दा EMIS रिपोर्टमा उल्लेखित विद्यार्थी संख्याको आधारमा निकासा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले दलित वाहेक छात्रा छात्रवृत्ति निकासा गर्दा EMIS रिपोर्टमा २३१६ संख्या उल्लेख भएकोमा २३४३ संख्यालाई निकासा भएकोले वढी संख्या २७ को रु ४०० का दरले वढि निकासा रकम रु १०८०० असुल गर्नुपर्ने रु
<table>
<tr><td>विद्यालयको नाम</td><td>EMIS वि सं</td><td>भुक्तानी वि सं</td><td>दर</td><td>रकम</td></tr>
<tr><td>त्रिभुवन मा वि</td><td>२४२</td><td>३४०</td><td>४००</td><td>३९२००</td></tr>
<tr><td>गणेश मा वि वसहिया</td><td>२३७</td><td>२६३</td><td>४००</td><td>१०४००</td></tr>
</table>
</td><td>६२,४००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>जनजागृत मा वि गुठी</td><td>१३६</td><td>१६८</td><td>४००</td><td>१२८००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>६२४००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>औषधी खरिद</td><td></td></tr>
<tr><td>६६.१</td><td></td><td></td><td>कार्यालयले निशुल्क औषधि वितरणको लागि सर्शत अनुदानवाट रु ३९२७९५७ औषधी खरिद गरेको पाइयो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । साथै औषधी व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः</td><td></td></tr>
<tr><td>६६.२</td><td></td><td></td><td>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।</td><td></td></tr>
<tr><td>६६.३</td><td></td><td></td><td>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</td><td></td></tr>
<tr><td>६६.४</td><td></td><td></td><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>६६.५</td><td></td><td></td><td>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</td><td></td></tr>
<tr><td>६६.६</td><td></td><td></td><td>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>जोखिम भत्ता

२।०७८।६।१९ स्वास्थ्य सेवा नियमावली अनुसार ल्याब मा काम गर्ने कर्मचारीको लागि २५ प्रतिशत जोखिम भत्ताको व्यवस्था गरेको छ । पालिकाले वरिष्ठ ल्याव असिष्टेन्ट विफराज केवटलाई श्रावण भदौ र अश्विन महिनाको जोखिम भत्ता रु २२६५० भुक्तानी गर्नपर्नेमा रु ६७९५० भुक्तानी भएकोले वढी भुक्तानी रकम रु ४५३०० असुल गर्नुपर्ने रु.</td><td>४५,३००</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>विपद् व्यवस्थापन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>वैठक भत्ता

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नु पर्ने उल्लेख छ ।कार्यालयले वैठक भत्ता भुक्तानीमा सम्वन्धित व्यक्तिले वुझेको भर्पाइ पेश नभएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२३।०७८।८।२६</td><td>स्थानिय निर्देशक समितिको वैठक भत्ता वितरणका लागि विशाल मिश्रले सम्वन्धित व्यतिलाई भत्ता वितरण गरेको भर्पाइ पेश नभएको</td><td>४२५०</td></tr>
<tr><td>६०।०७८।१।५</td><td>गणक सुपरिवेक्षक पदपूर्ति समिति वैठक भत्ता वितरण गरेको विशाल</td><td>५९५०</td></tr>
</table></td><td>११,९००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td>मिश्रले सम्वन्धित व्यत्तिलाई भत्ता वितरणको भर्पाइ पेश नभएको</td><td></td></tr>
<tr><td>८७।०७८।११।२४</td><td>वैठक भत्ता वितरणका लागि विशाल मिश्रले सम्वन्धित व्यत्तिलाई भत्ता वितरण गरेको भर्पाइ पेश नभएको</td><td>१७००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११९००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>उद्यम विकास कार्यक्रम

गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ नियम ३९अनुसार तालिमवाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिमै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागिलाई विक्री गर्न सकिने र विक्री वाट प्राप्त रकम राजश्व आम्दानी गर्नुपर्ने र विक्री नभएका सामान स्टोर दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले गुडिया वनाउने तालिम, सिलाई कटाइ तालिम र चुरा पोते वनाउने तालिम संचालन गरेकोमा तालिमवाट उत्पादित कुनै पनि सामान विक्री गरी राजश्व आम्दानी गरेको पाइएन साथै उत्पादित मालसामानको जिन्सी अभिलेख तयार गरेको छैन ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गतको आवासको अधिकार सम्बन्धी ऐन, २०७५ वमोजिम गरिवीको रेखामुनी रहेका, प्रकोपको कारण घरवार विहिन रहेका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायत सामाग्र खरिदको लागी गरिवीको रेखामुखी रहेका पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छाना मुनी ल्याउने कार्यक्रम अन्तर्गत यो वर्ष यस नगरपालिकाका क्षेत्र भित्र पर्ने १७१ जनालाई प्रति परिवार रु.५००००.०० अनुदान रकम २ किस्तामा उपलव्ध गराउने गरी कार्यक्रम स्वीकृत भएकोमा पहिलो किस्ता ६० प्रतिशत उपलव्ध गराउने सो रकम जस्तापाता र काठ लगायतका सामागी खरिद गरी निर्माण कार्य अघि वढाउन खर्च गर्नुपर्ने उल्लेख छ । पहिलो किस्ताको रकमवाट सामाग्री खरिद गरी स्थानीयतहको प्राविधिकवाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आधारमा लागग्राहीलाइ दोश्रो तथा अन्तिम किस्ता वापत ४० प्रतिशत अनुदान उपलव्ध गराइने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्षको अन्त्यमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १७१जना लाभग्राहीसँग सम्झौता गरी प्रति परिवार रु.३०००० का दरले अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरी निजहरुको वैंक खाता भुक्तानी गरेको छ ।लाभग्राहीले जस्तापाता तथा काठ खरिद गरी निर्माण कार्य गरेको देखिने प्राविधिक प्रतिवेदन सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	

वडा नं	संख्या	रकम
वडा नं ३	३२	९६००००
वडा नं ४	९६	२८८००००
वडा नं ६	१८	५४००००
वडा नं ९	१९	५७००००
वडा नखुलेको	६	१८००००
जम्मा	१७१	५१३००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७२			**कृषि अनुदान**	
७२.१			सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा सार्वजनिक निकायले खरिद कार्य अधिक प्रतिस्पर्धात्मक विधिवाट गर्नुपर्ने हुन्छ। कृषितर्फका कार्यक्रमहरुमा सुचनामा उल्लेखित लाभग्राहीहरुलाई छुट्टा छुट्टै समान खरिद गर्नु भन्दा एकमुष्ट रुपमा प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ ध्यान जानुपर्दछ ।	
७२.२			लागत साझेदारी कुनै पनि कार्यक्रममा रकम विनियोजन गर्दा लाभ लागत अनुपात हेरी सो कार्यक्रमको नर्म्स अनुसार संचालन गर्नुपर्ने हुन्छ । त्यस्तै कम भन्दा कम लागत अधिकतम प्रतिफल प्राप्त गर्ने र लाभग्राहीको समेत स्वामित्व ग्रहण गर्ने गरी	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यक्रमको निर्धारण र संचालन गरेमा यस्ले दिर्घकालीन प्रतिफल दिने भएकोले सोही अनुसार कार्यक्रमको निर्धारण र संचालन गर्नुपर्दछ । तर पालिकाले कृषि कार्यक्रम लाभग्राहीहरुको योगदानमा आधारित सञ्चालन गरे तापनि लाभग्राहीको नगद लागत सहभागिता नभएकोले वास्तविक रुपमा कृषकको योगदान भएको भन्न सक्ने अवस्था रहेन । तसर्थ आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालन गर्दा नगद लागत सहभागिता अनिवार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
७३			**करार कर्मचारी** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको संघिय ससर्त अनुदानवाट वर्थिङ्ग सेन्टर वाहेक मेडिकल अधिकृत १ जना अहेव ३ जना अनमि ७ जन र लयाव असिष्टेन्ट १ जना गरी जम्मा १० जना करार नियुक्ति गरी बर्षभरीमा रु.४०२४९४० भुक्तानी गरेको अनियमित देखिएको रु.	४,०२४,९४०
७४			**प्रधानमन्त्रि रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रको विभिन्न निर्माण कार्य सञ्चालन गरी यस वर्ष २०० जनालाई रोजगारी उपलव्ध गराई रु.७०५८११७खर्च गरेको छ । लक्षित वर्गलाई औसतमा ८६.२६ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।	
७५			**सामाजिक सुरक्षा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७५.१			सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीवाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७, को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। यस बर्ष पालिकाले रु. १४४०७४९२२ सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।	
७५.२			सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ताको रकम बैंक मार्फत मात्र लाभग्राहीको खातामा उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले वैंक मार्फत भत्ता वितरण गरेको भएतापनि सामाजिक सुरक्षा वितरण कार्यविधी २०७७, को अनुसुची १२ मा उल्लेखित लाभग्राही भुक्तानी प्रतिवेदन अनुसार लाभग्राहीको खातामा जम्मा भैसकेपछी वैंकमा वांकी रहेको रकम बैंकले कार्यालयमा फिर्ता पठउनु पर्दछ । लेखापरीक्षणको अवधिमा अनुसुचि १२ अनुसार वडा नं ६ को रु ३७३९० र ९ को रु १६९३५ गरी रु ५४३२५ र वडा नं ३ को रु ६६६८ गरी कुल जम्मा रु ६०९९३ सम्वन्धित वैंकवाट असुल गरी संघिय संचित कोष फिर्ता दाखिला गर्नुपर्ने रु	६०,९९३
७५.३			सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।	
७५.४			सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन।कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ ।	
७५.५			कार्यविधिको अनुसूची७ को बुँदा नम्वर ७ मा बैंक तथा वित्तीय संस्थाले सामाजिक सुरक्षा विशेष बचत खाताहरु मध्ये निष्कृय (डोरम्यान्ट) खाताको विवरण प्रत्येक वर्षको श्रावण र माघ महिनाभित्र केन्द्रीय पञ्जिकरण विभाग तथा कार्यालयलाई दिनुपर्ने उल्लेख छ । कार्यालयबाट विवरण माग भएतापनि बैंकबाट सो विवरण प्राप्त भएको पाइएन । कार्यालयले निष्कृय खाताको विवरण यथासिघ्र यकिन गरी रकम बाँकी भए संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउनुपर्दछ ।	
७६			**विल भर्पाइ** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। तर कार्यालयले देहायअनुसारको खर्च भुक्तानी गर्दा श्रेष्तासाथ बिल भरपाई समावेश नगरी भुक्तानी गरेकोले खर्च पुष्टि हुने वास्तविक प्रमाण पेश हुनुपर्ने रु.	४७२,५००

भौ. नं.मिति	विवरण	रकम
१४९।०७९।३।१८	टोटल टेक्नोलोजिलाई भुक्तानी रु २९५५०० को विल विजक पेश नभएको	२९५५००
१७६।०७९।३।२१	मातृ तथा नव शिसु कार्यक्रम अन्तर्गत लाभग्राहि महिलाले यातायात खर्च वुझेको भर्पाई पेश नभएको	१७७०००
जम्मा		४७२५००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७७</td><td></td><td></td><td>आन्तरिक आय</td><td></td></tr>
<tr><td>७७.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैंक दाखिला गर्नु पर्नेछ भनि व्यवस्था रहेको छ । तर पालिकाको मातहतको वडाहरुले आन्तरिक राजश्व प्राप्त भएपछि माथि उल्लेखित नियमको पालन गरेको पाइएन र ठेली रसिद को प्रयोग गरेको पाइयो कार्यालयले यसमा सुधार र आन्तरिक राजश्व संकलनमा सफ्टवेयरको प्रयोग गर्न आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>७७.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७(१)(४) मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले १० दिनसम्म ढिलो गरेको भए १० प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दन बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगा२ कसुरको मात्राअनुसार प्रचलित कानन बमोजिम विभागिय कारवाही समेत गर्न सक्ने, जरिवाना र कारवाही गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाको मातहतका वडाहरुबाट देहायअनुसार ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेकोमा जरिवाना लगाई असुल गर्नुपर्ने रु ....
<table>
<tr><th>वडाको नाम</th><th>जिम्मेवार व्यक्ति</th><th>राजश्व</th><th>संकलन मिति</th><th>दाखिला</th><th>जरिवाना र दाखिला हुन बाँ राजस्व</th></tr>
<tr><td>वडा ३</td><td>वडा सचिव चेत नारायण</td><td>४७२५४७</td><td>साउन देखि असार सम्मको</td><td>असार १७,२९,३० गते</td><td>४७२५५</td></tr>
<tr><td>वडा ४</td><td>वडा सचिव फुलचन बीन</td><td>४९३६७२</td><td>साउन देखि असार सम्मको</td><td>२०७८।९।१३ मा रु ११०२० दाखिला गरेको तर कुन महिना वा दिनको हो भन्ने नखुलेको , २०७९।३।३१ मा २५८५०० दाखिला</td><td>२३८६६९</td></tr>
</table></td><td>४४३,३९२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

वडा ८	वडा सचिव सागर अर्याल	४१७०४७	साउन देखि असार सम्मको	रु ४०२९११ मिति ३०७९।३।३० मा दाखिला र रु १४१५० मिति २०७९।९।४ मा दाखिला	४०२९१		
वडा ७	वडा सचिव केशव प्रसाद तिवारी	३९०४२७	साउन देखि असार सम्मको	साउन देखी मंसिर सम्मको मिति २०७९।१।११ मा रु १७२५२३ दाखिला र पुस देखि असार सम्मको रु २१७९०४ मिति २०७९।३।३१ मा दाखिला	३९०४३		
वडा ५	वडा सचिव सागर अर्याल	२५१५००	साउन देखि असार सम्मको	साउन देखि चैत सम्ममा २०७८।१२।९मा रु ४१५०० दाखिला, २०७८।१२।२१ मा रु १५००० दाखिला र २०७९।९।४ मा रु १९५००० दाखिला	२५१५०		
वडा ९	वडा सचिव नरेन्द्र कुमार पाण्डे	५२९८४२	साउन देखि असार सम्मको	२०७९।३।२९ मा रु १६८८४५ र २०७९।३।२९ मा रु ३६०९९७ दाखिला	५२९८४		
	जम्मा	२५५५०३५			४४३३९२		

रसिद नियन्त्रण खाता र राजश्व अभिलेख प्रभावकारी नभएकोले कति राजश्व संकलन भएको र दाखिला भएको यकिन गर्न नसकिने ।